# सञ्चारकर्मी महिलाका समस्याहरु

वन्दना राणा, ज्ञानु पाण्डे, हरिकला अधिकारी,
दीपा गौतम र कृष्ण भट्टचन

नेपालमा सञ्चार क्षेत्रमा महिला सहभागिताको स्थिति सङ्ख्यात्मक एवं पदीय दुवै दृष्टिले सोचनीय अवस्थामा रहेको स्पष्टै छ । यद्यपि यस क्षेत्रप्रति महिलाहरूमा प्रशस्त मात्रामा रुचि र आकर्षण बढ्दै गएको बुझिन्छ तर पनि उनीहरूको सहभागितामा अझैसम्म अपेक्षा गरेअनुरूपले अभिवृद्धि हुन सकेको छैन । आखिर किन ? महिलाहरूलाई सञ्चार क्षेत्रमा अगाडि आउन केले बाधा पुऱ्याइरहेको छ ? नेपालका सञ्चारकर्मी महिलाको खास समस्या के हो ? यस अध्यायमा यिनै जिज्ञासाको वरिपरि रही विषयलाई केलाउन प्रयास गरिएको छ ।

सञ्चारकर्मी महिलाले भोग्नु परिरहेको समस्याका बारेमा जान्न खोज्दा अध्ययनमा सहभागी सञ्चारकर्मी महिलाहरूले प्रश्नावलीपत्र भर्दा भन्दा समूह छलफलमा बोल्दा बढी खुलेर आफ्ना भनाइहरू राखेका थिए । यस अध्यायमा सञ्चारकर्मी महिलाका समस्याहरू पहिचान गर्ने क्रममा समूह छलफलमा

---

सञ्चारिका समूहले सञ्चारमाध्यममा काम गर्ने महिलाको अवस्थाबारे गरेको अनुसन्धानमा आधारित पुस्तक *सञ्चारकर्मी महिलाको अवस्था* (राणा र अरू २०६२) प्रकाशन गरेको छ । सोही पुस्तकमा 'सञ्चारकर्मी महिलाका समस्याहरू' शीर्षकको चौथो अध्यायलाई यहाँ पुनः प्रकाशन गरिएको हो । पुनः प्रकाशन गर्ने क्रममा सो अध्यायमा भएका केस स्टडीहरू भने सञ्चारिका समूहसँग अनुमति लिएर हटाइएको छ ।

आएका कुराहरूलाई नै पहिलो महत्त्वपूर्ण आधार स्वीकारिएको छ । त्यसका साथै आवश्यक ठाउँमा प्रश्नावलीमा उल्लेख भएको तथ्याङ्कलाई पनि उपयोग गरिएको छ । यी दुई आधारका अतिरिक्त यस अध्यायमा स्थलगत निरीक्षणबाट प्राप्त जानकारीलाई पनि समस्या पहिचानको आधार बनाइएको छ भने विभिन्न सञ्चार संस्थाहरूभित्र निर्णायक तहमा रहेका व्यक्तिहरू तथा देशका वरिष्ठ सञ्चारकर्मी एवं सञ्चार विज्ञहरूका साथै केही सवालमा गैरसञ्चार क्षेत्रका व्यक्तिहरूको समेत विचार बुझ्ने प्रयास गरिएको छ ताकि सञ्चारकर्मी महिलाहरूको समस्यालाई गहिराइका साथ उजागर गर्न सकियोस् । यसरी अध्ययनको क्रममा विभिन्न तहमा पुगेर सञ्चार क्षेत्रमा संलग्न महिलाहरूको अवस्था र समस्याबारे जान्न खोज्दा जे जे थाहा पाइयो सो तलका उपशीर्षकहरूमा प्रस्तुत गरिएको छः

## जागिरसँग सम्बन्धित समस्या

नेपालमा सञ्चारकर्मी महिलाहरू अनेक किसिमको समस्याहरूबाट गुज्रिन विवश भइरहेका छन् । महिलाहरूले यस क्षेत्रमा हत्तपत्त प्रवेश नै पाउन सक्दैनन् र कसैगरी प्रवेश पाइहाले पनि यस क्षेत्रमा उनीहरू लामो समयसम्म टिकेर बस्न सक्दैनन् । त्यसो हुनुको पछाडि सञ्चार क्षेत्रमा व्याप्त कतिपय त्रुटि तथा कमजोरीहरू दोषी छन् । यस उपशीर्षकमा सञ्चार क्षेत्रमा व्याप्त तिनै त्रुटि तथा कमजोरीहरू पहिचान गर्ने प्रयास गरिएको छ, जुन निम्न प्रकारका छन्:

### *नियुक्ति तथा अवकाश प्रक्रिया स्वेच्छाचारी हुनु*

सञ्चार क्षेत्रमा पत्रकारहरूलाई काममा राख्दा र कामबाट हटाउँदा नियमसङ्गत प्रक्रिया अवलम्बन गर्ने प्रचलन नहुनाले सञ्चारकर्मी महिलाहरूले बढी समस्या भोग्नु परिरहेको छ भन्ने बुझियो । समूह छलफलको क्रममा सहभागीहरूमध्ये धेरैले आ-आफ्नो कटु अनुभवहरूलाई उदाहरणका रूपमा अगाडि सार्दै यस समस्याबारे स्पष्ट पार्न प्रयास गरेको पाइयो । निजी सञ्चारमाध्यममा कार्यरत अधिकांश सञ्चारकर्मी महिलाहरूको भनाइ थियो– त्यहाँ सञ्चारकर्मीहरूलाई नियुक्ति गर्ने सन्दर्भमा प्रमुखहरूको मनोमानी चल्छ । सञ्चारकर्मी महिलालाई नियुक्ति दिने सिलसिलामा पत्रकारिताको अनुभव वा क्षमताका बारेभन्दा पनि उसको विवाह भए नभएको, विवाह भइसकेको हो भने बच्चा छ, छैन आदि जस्ता निजी विषयमा नै बढी खोजीनीति गर्ने चलन छ । त्यति मात्र होइन, जागिरमा प्रवेश गरिसकेपछि पनि महिलाले आफ्नो जिम्माको काममा मात्र मन लगाएर पुग्दैन, साथसाथै आफूमाथिका हाकिमहरूको रुचि र इशारालाई पनि

उत्तिकै महत्त्व दिएर पालना गर्नुपर्छ, नत्र भने कुनै पनि बेला ऊ जागिरबाट निकालिन सक्छे । "निजी सञ्चारमाध्यममा संलग्न सञ्चारकर्मीहरूमध्ये अधिकांशलाई नियुक्तिपत्र विना नै काम लगाइने हुँदा हाकिमले चाह्यो भने कसैलाई पनि तत्काल निकालिदिन सक्छ, अनि निकालिने त्यो बिचरा सञ्चारकर्मीसित आफ्नो हक दाबी गर्ने कुनै प्रमाण हुँदैन, म आफैँ यस कुराको प्रमाण हुँ । यसअघि मैले काम गरिरहेको अखबारबाट म त्यसरी नै निकालिएकी थिएँ । अरू केही कारणले होइन सिर्फ हाकिमको दुर्नियतबाट बच्न खोज्दा मेरो जागिर चट भएको थियो त्यो बेला" समूह छलफलको बेला एक सहभागीले आफ्नो कटु अनुभव यसरी सुनाएकी थिइन् । समूह छलफलका बेला पश्चिमाञ्चलकी एक सञ्चारकर्मी महिलाले भनेकी थिइन्, "कतिपय अवस्थामा महिला पत्रकारहरूलाई तिनले दुर्गम ठाउँमा गएर रिपोर्टिङ गर्न सकेनन् भन्ने निहुँ पारेर पनि जागिरबाट हटाइने गरेको छ, जबकि पुरुष पत्रकारलाई चाहिँ त्यस्तो व्यवहार गरिन्न, भलै उसमा त्यो कमजोरी किन नदेखियोस् ।"

यता सरकारी सञ्चारमाध्यममा संलग्न सञ्चारकर्मी महिलाहरूको भनाइ पनि कम मार्मिक थिएन । उनीहरूको भनाइअनुसार सरकारी सञ्चार संस्थाहरूमा सञ्चारकर्मीको नियुक्ति र अवकाशको सम्बन्धमा निश्चित कानुनी प्रावधानहरू अवलम्बन गर्नुपर्ने नियम भए पनि व्यवहारमा भने त्यो नियम हुबहु लागू हुने गरेको छैन । नातावाद, कृपावाद र भनसुनको बलमा त्यहाँ सजिलै नियम मिच्ने चलन छ । नेपाल टेलिभिजनमा कार्यरत एक सञ्चारकर्मी महिलाको टिप्पणी थियो, "सरकारी सञ्चारमाध्यमहरूमा नियुक्ति र अवकाशको प्रक्रिया नियमसङ्गत ढङ्गबाट हुँदैन भन्दा निजी सञ्चारमाध्यममा काम गर्ने साथीहरूलाई पत्यार नलाग्न सक्छ तर यथार्थ के हो भने त्यहाँको कानुनी प्रावधानहरू लगभग सबै नै हात्तीको देखाउने दाँत जस्तो मात्रै हो । नियम र क्षमता हेर्नुभन्दा पनि त्यो उम्मेद्वार कहाँबाट आएको हो ? उसको पहुँच कहाँसम्म छ ? त्यसैलाई नै महत्त्व दिने चलन छ सरकारी सञ्चारमाध्यममा ।"

राजधानीमा बसेर पत्रकारिता गरिरहेकी एक अनुभवी सहभागीले पत्रकारिताजगत्मा नियुक्ति र अवकाशको प्रक्रिया नियमसङ्गत छैन भन्ने सवालमा निष्कर्ष विचार यसरी दिएकी थिइन्, "नाम चलेका ठूलठूला राष्ट्रिय दैनिकहरूमा पनि नियुक्ति र अवकाश भन्ने कुरा जुवाको खेल जस्तै हो, कुन बेला हात पर्छ कुन बेला गुम्छ केही भन्नै सकिन्न ! हुन त यो समस्या महिला सञ्चारकर्मीहरूको मात्र होइन, पुरुष सञ्चारकर्मीहरू पनि यो समस्याबाट सताइएका छन्, उनीहरू पनि सधैँ कुन बेला आफू जागिरबाट निकालिने हो भन्ने सन्त्रासमै काम

गरिरहेका छन् । तर महिला सञ्चारकर्मीहरूका लागि यो स्थिति अझै बढी समस्याको कुरा किन बनिरहेको छ भने धेरैतिर काम खोज्दै हिँड्न उनीहरूलाई व्यावहारिक कारणले गर्दा मिल्दैन ।"

नियुक्ति प्रक्रियामा महिलालाई प्राथमिकता दिइन्न भन्ने सहभागीहरूको भनाइलाई अगाडि सार्दै विभिन्न सञ्चारसंस्थाका निर्णायकहरू समक्ष जिज्ञासा राख्दा थरिथरिको जवाफ पाइएको थियो । रेडियो नेपालका एक निर्देशकको भनाइ थियो, "हो, सरकारी सञ्चारमाध्यममा भनसुनको एकदम बोलवाला छ, सोर्सफोर्स विना कोही व्यक्ति पनि त्यहाँ भित्रिन सक्दैन । तर यो समस्या महिला सञ्चारकर्मीहरूको मात्र होइन, सरकारी सञ्चारमाध्यममा काम गर्ने पुरुष सञ्चारकर्मीहरू पनि यो समस्याबाट पीडित छन् ।" सरकारी छापासञ्चार संस्था गोरखापत्र संस्थानका तत्कालीन कार्यकारी अध्यक्ष इन्दिरा प्रसाईंको भनाइ भने धेरै हदसम्म सहभागीहरूको भनाइसित मिल्दो थियो । उनले भनेकी थिइन्, "म त यस संस्थामा भर्खरै मात्र छिरेकी हुँ । यसमा अहिलेसम्म स्थायीमा एकजना मात्र महिला सञ्चारकर्मी छिन्, तिनी पनि नभएको भए यति ठूलो सरकारी सञ्चारसंस्थामा महिला सञ्चारकर्मीको सङ्ख्या शून्यकै अवस्थामा हुन्थ्यो । नियुक्तिमा महिलालाई प्राथमिकता दिने चलन नभएको कुराको योभन्दा ठूलो प्रमाण अरू के चाहियो र !" तर *गोरखापत्र*का पूर्व प्रधान सम्पादक युवराज गौतमले भने यसलाई अलि बेग्लै ढङ्गले बुझाउन खोजेको पाइयो । उनको भनाइ थियो, "पत्रकार नियुक्त गर्दा महिलालाई प्राथमिकता दिइन्न भन्ने कुरा होइन, मुख्य कुरा क्षमतावान् महिला पाउनै गाह्रो छ । म आफू प्रधान सम्पादक रहेको बेला *गोरखापत्र*मा महिला सहभागिता बढाउनका लागि निकै प्रयास गरेको थिएँ तर लेख्न सक्ने महिला नै भेट्टाइएन ।" राजधानीबाट निक्लने एक निजी अखबारका प्रधान सम्पादकले अलि टर्रो स्वरमा जवाफ फर्काएका थिए, यसरी, "पत्रकारितामा सोर्सफोर्सको केही काम छैन, यस क्षेत्रमा योग्यता हुनेहरू मात्र बिक्छन्, उम्मेदवारहरूमध्ये जो बढी योग्य देखिन्छ त्यसैलाई नै नियुक्ति दिइन्छ । महिलाहरू पनि पुरुषहरू जत्तिकै दक्ष भएर आउने हो भने तिनलाई छुट्ट्याउनु पर्ने कुनै कारण नै पर्दैन ।" तर अर्का एक सम्पादकको भनाइ भने निकै मननयोग्य थियो, "मेरो अनुभवमा महिलाहरू साधनस्रोतको अभावले गर्दा प्राथमिकतामा पर्दैनन् । प्रशिक्षार्थी सञ्चारकर्मीले गरेको स्वयंसेवाका भरमा दैनिक अखबारहरू चलाउनु परेको छ । प्रशिक्षार्थी सञ्चारकर्मीमा आधाभन्दा बढी महिला छन् । उनीहरू सक्षम पनि छन् । तर जागिर दिने बेलामा चाहिँ उनीहरूलाई दिने र सर ? भनेर प्रशासकहरू कराउँछन् ।" अर्को एक अङ्ग्रेजी दैनिकका प्रधान सम्पादकको भनाइ थियो, "मेरो अखबारमा

पत्रकारिताको राम्रो क्षमता भएका ठिटीहरू पनि छन् । नियुक्त गर्दा पनि म त ठिटीहरूलाई नै बढी प्राथमिकता दिने गर्छु किनकि तिनीहरू आफ्नो काममा बढी सिन्सियर हुन्छन् ।" सञ्चारकर्मी महिलाहरू आफ्नो काममा बढी सिन्सियर हुन्छन् भनेर सकारात्मक टिप्पणी गरे पनि तर तिनलाई 'ठिटी' भनेर सम्बोधन गर्न भने ती प्रधान सम्पादकले पटक्कै अप्ठयारो मानेनन् ।

मोफसलका छापामाध्यमका सम्पादक तथा प्रकाशकहरूको भनाइ पनि लगभग उस्तै किसिमको भएको पाइयो । उनीहरूको भनाइको सार थियो– एक त महिलाहरू आफैं नै यस क्षेत्रमा आउन अघि सर्दैनन्, कोही आइहाले भने तिनलाई राख्न त मन लाग्छ तर के गर्नु ? समस्या उही हो महिलाहरूमा क्षमताकै अभाव छ । बुटवलबाट निस्कने एक दैनिक पत्रिकाका सम्पादकले स्पष्टैसित भनेको सुनियो, "हो, हामीले त यहाँ पुरुषहरूलाई नै प्राथमिकता दिने गरेका छौं । सञ्चार क्षेत्र भनेको जागिर खुवाउने ठाउँ मात्र पनि त होइन ! मुख्य कुरा त काम गर्न सक्नु पर्‍यो नि !" यस्तैखालको विचार पोखराका केही सम्पादक/प्रकाशकको पनि पाइएको थियो । उनीहरूको अनुभवमा महिलामा पत्रकारिता गर्ने सीपको अभाव छ, रेडियोमा अखबार पढ्नु भनेको अर्कै कुरा हो ।

राजधानीभित्र र मोफसलबाट सञ्चालित हुने एफएम स्टेसनसित सम्बन्धित प्रमुखहरूको भनाइ भने निकै सकारात्मक सुनिएको थियो । उनीहरूको भनाइको सार थियो– हामी त झन् महिलाहरूलाई नै खोजी-खोजी नियुक्ति दिन्छौं । यस क्षेत्रमा महिलाहरूकै बढी माग छ, त्यसैले तिनलाई नियुक्ति दिँदा प्राथमिकता नदिने वा विना कारण जागिरबाट निकाल्ने भन्ने सवालै उठ्दैन ।

यसरी सबैतिरका कुरा सुन्दा पत्रकारिताजगत्मा नियुक्ति र अवकाशको सवालमा महिलामाथि ऊ महिला भएकै कारणले गर्दा भेदभावपूर्ण व्यवहार गरिने गरिएको छ भन्ने कुरा बुझियो । पत्रकारितामा योग्यता र दक्षता नै मुख्य कुरा हो तापनि महिला भएको कारण उसले प्रवेशमै अनेक बाधाहरू बेहोर्नुपर्ने तथा महिलाको प्रजनन् तथा मातृत्वको विशेषतालाई पनि उसको कमजोरी ठानेर अवकाश दिन बेरै नलगाउने परिपाटीले गर्दा पनि यस क्षेत्रमा महिला सहभागिताको सङ्ख्या अभिवृद्धि हुन नसकेको हो भन्ने कुरा अनुसन्धानको क्रममा थाहा पाइयो ।

### ***बढुवामा बाधा***

अनुसन्धानको क्रममा पत्रकारिता क्षेत्रमा बढुवाको सम्बन्धमा पनि सरकारी तथा निजी सञ्चारक्षेत्र जताततै उस्तैसित भेदभाव र स्वेच्छाचारिता हाबी भइरहेको

छ भन्ने बुझियो । प्रमुखको चाकडी गर्नेहरूको भने छिटै-छिटै पदोन्नति हुन्छ तर आफ्नो सुरले काम गर्नेहरूले चाहिँ लामो समयसम्म पनि उही एउटै पदमा थन्किएर बसिरहन बाध्य हुनुपर्छ भनेर छलफलको क्रममा सहभागीहरूले गुनासो गरेको सुनियो । प्रायः महिलाहरू आफ्नो सुरमा काम गर्ने स्वभावका हुन्छन् र आफ्नो दक्षता र नोकरी अवधिलाई आधार बनाएर आफूलाई समयमा बढुवा दिइन्छ होला भन्ने आशा राख्छन् तर तिनको त्यो आशा प्रायः निराशामा बदलिन्छ किनकि हाकिमको चाकडी गर्न सक्नेले तिनलाई उछिनेर समयअघि नै बढुवा पाइसक्छ भन्ने सहभागीहरूको तर्क थियो ।

सरकारी छापा माध्यममा काम गर्नेको तुलनामा विद्युतीय सञ्चारमाध्यममा काम गर्ने महिलाको सङ्ख्या बढी भएकाले हुनुपर्छ सरकारी सञ्चारमाध्यमहरूमध्ये विद्युतीय सञ्चारमाध्यममा कार्यरत सहभागीहरूले यो सवाललाई बढी उठाएको पाइयो । रेडियो नेपालमा कार्यरत एक महिला सञ्चारकर्मीको भनाइ थियो, "हाम्रो रेडियोमा त पदोन्नतिका नाममा महिलालाई कायममुकायम मात्र दिन पनि एकदम गाह्रो मानिन्छ जबकि पुरुषहरूले चाहिँ त्यो सजिलैसित पाउने गरेका छन् ।" छलफलको क्रममा रेडियो नेपालका अरू सञ्चारकर्मी महिलाहरूले पनि उक्त भनाइमा सही थापेका थिए । तर रेडियो नेपालभित्र निर्णायक तहमा बसेका व्यक्तिहरू समक्ष सहभागीहरूको सो गुनासो लिएर विचार बुझ्न खोज्दा त्यसप्रति असहमति जनाइएको पाइयो । रेडियो नेपालको प्रशासन महाशाखाका निर्देशक पुरुषोत्तम सापकोटाको भनाइ थियो, "रेडियो नेपाल समितिमा परिणत भएपछि उल्लेख्य मात्रामा महिला कर्मचारीहरूको सङ्ख्या बढेको छ तर सोर्सफोर्समा आएका महिलाहरूकै सङ्ख्या बढी छ । तिनीहरूमध्ये सामान्य नेपाली लेख्न नजान्ने महिलाहरू पनि छन् फेरि प्रमोसन पनि तिनैलाई चाहिएको छ ।"

उपत्यकाभित्र निजी सञ्चारमाध्यममा कार्यरत सहभागीहरूले पनि बढुवामा भेदभाव हुन्छ भन्ने विषयमा खुलेरै आफ्नो भनाइ राखेका थिए । केही अपवादलाई छोडेर अधिकांशको भनाइअनुसार बढुवाको सवालमा निजी सञ्चारमाध्यममा लगभग जताततै लैङ्गिक अन्धता व्याप्त छ भन्ने बुझिन्थ्यो । बढुवामा न्याय भएन भनेर सबै सञ्चारकर्मी महिलाले सम्बन्धित हाकिमसमक्ष सामूहिक राजीनामा दिने कुरा उठाउने हो भने त्यसको प्रतिक्रिया कस्तो होला ? भनी जिज्ञासा राख्दा सहभागीहरू सबैले एकै स्वरमा भनेका थिए– झन् आनन्दै भयो भन्छन् नि !

बढुवाको सवालमा मोफसलका सञ्चारकर्मी महिलाहरूले भने त्यतिविधि धेरै छलफल गर्न खोजेको देखिएन । अधिकांश सहभागीहरूले पत्रकारितामा प्रवेश पाउनु नै आफ्नो लागि अहोभाग्यको कुरा हो भनेझैँ ठानेको बुझियो ।

बुटवलकी एक सञ्चारकर्मी महिलाले भनेकी थिइन्, "बढुवाको अवसर पो कसरी पाउनु जबकि प्रवेशमै हामीलाई धेरै गाह्रो छ ।" छलफलको बेला एकाध सहभागीहरूले भने महिलाको बढुवाको विषयमा पुरुष सहकर्मीहरू सकारात्मक नभएको तीतो अनुभव पनि सुनाएका थिए । विराटनगरकी एक सञ्चारकर्मी महिलाले आफ्नो तीतो अनुभव यसरी सुनाएकी थिइन्, "अहिले त म स्वतन्त्र रूपमा पत्रकारिता गरिहेको छु । म यसअघि काम गरिरहको पत्रिका (जुन अहिले त बन्दै भैसक्यो) बाट बाहिरिनु परेको कारण प्रमोसनमा कुरा नमिलेर नै हो । मैले आफ्नो जिम्मेवारी राम्ररी निर्वाह गरेका आधारमा मलाई प्रमोसन गर्न लागिएको थियो तर त्यो कुरा थाहा पाएर एकजना सँगै काम गर्ने पुरुष मित्रले मेरो बारेमा हाकिमलाई भएनभएको कुरा सुनाइदिएपछि मेरो प्रमोसन त्यत्तिकै रोकियो । मैले त्यो अपमान सहन सकिनँ र स्वेच्छाले राजीनामा दिएँ ।"

बढुवाको सवालमा राजधानीका खासगरी राष्ट्रिय दैनिकमा काम गर्ने सञ्चारकर्मी महिलाहरूले आफूहरूले जे-जस्ता समस्याहरू भेलिरहेको कुरा बताएका थिए त्यस सम्बन्धमा सम्बन्धित अखबारका सम्पादक, प्रकाशकहरूसमक्ष जिज्ञासा राख्दा धेरैले त्यसमा असहमति जनाएको पाइयो । बढुवा गर्ने सवालमा महिला र पुरुषका बीच पटक्कै भेदभाव गरिन्न भन्ने उनीहरूको दावी रह्यो । कतिपयले यस सवाललाई अत्यन्त हल्का रूपमा लिन खोजेको पनि पाइयो । जस्तो एउटा निजी विद्युतीय सञ्चारसंस्थाका प्रशासकले भने ठट्टा गरेको पारामा हाँस्दै भनेका थिए, "हामी त जसरी होस् महिलाहरू नै माथि जाऊन् भन्छौँ ।" त्यसैगरी अर्को एउटा राष्ट्रिय दैनिकका सम्पादकले "म यस्ता बेकारका प्रश्नहरूको जवाफ दिन आवश्यकै ठान्दिनँ" भनी टर्रो जवाफ दिएको पनि सुन्नुपरेको थियो । यस प्रकारका जवाफहरूले सञ्चारसंस्थाको निर्णायक तहमा बसेका व्यक्तिहरू सञ्चारकर्मी महिलाहरूको समस्याप्रति उतिविधि गम्भीर हुन खोज्दैनन् भन्ने तथ्यलाई छर्लङ्ग पारेको महसुस गरियो ।

## *जागिरको सुरक्षा नहुनु*

अनुसन्धानको क्रममा पत्रकारिता व्यवसायमा महिलाहरू लामो समयसम्म टिक्न नसक्नाको पछाडि जागिरको असुरक्षा पनि एक मुख्य कारण हो भन्ने बुझियो । छलफलको क्रममा के थाहा पाइयो भने पत्रकारितामा जागिरको असुरक्षाको खतरा पुरुष सञ्चारकर्मीहरूले भन्दा महिला सञ्चारकर्मीहरूले बढी व्यहोर्नु परेको छ । विवाह भएर स्थानान्तरण हुँदा, सुत्केरी हुँदा तथा बच्चा सानो हुँदाका अवस्थामा प्रायगरी सञ्चारकर्मी महिलाहरूको जागिर धरापमा पर्ने

गरेको छ । छलफलका क्रममा कतिपय सहभागीहरूले पुरुष सञ्चारकर्मीलाई विवाह गरे पनि केही फरक पर्दैन तर महिला सञ्चारकर्मीलाई विवाह भएपछि धेरै कुराको फरक पर्दोरहेछ भन्दै आ-आफ्नो अनुभव सुनाएका थिए । त्यति मात्र होइन, परीक्षाको तयारीका लागि लामो बिदा लिनु पर्दा समेत पुरुष होइन महिलाकै जागिर धरापमा परेको पाइयो ।

समूह छलफलको बेला मोफसलमा कार्यरत एक विवाहित सञ्चारकर्मी महिलाले भनेकी थिइन्, "एकातिर कतिबेला जागिरबाट निकालिने हो भन्ने आफूलाई सधैंको टेन्सन । अर्कोतिर फेरि परिवारबाट पनि पाएसम्म अन्तै काममा लागोस् भन्ने एकनासको दबाब । जागिरको सुरक्षा भएको भए त परिवारलाई पनि सम्झाउन सकिन्थ्यो तर पत्रकारिता पेसामा लागेदेखि नै 'जागिर छ' भनेर कहिल्यै ढुक्क भएर बस्न पाइएको छैन ।" राजधानीस्थित एक निजी छापा सञ्चारमाध्यममा कार्यरत अर्की एक विवाहित सञ्चारकर्मी महिलाले आफ्नो कटु अनुभव यसरी सुनाएकी थिइन्, "योभन्दा अघि म जुन पत्रिकाका लागि काम गर्थें, त्यहाँ मैले आफ्नो अढाई महिने बच्चालाई दूध खुवाउन जानका लागि समय माग्दा मेरो हाकिमले दुई चार दिन त कुरा बुझे जस्तो गरी व्यवहार गरेका थिए तर एकदिन अफिस पुग्दा अचानक मैले हाजिर गर्न पाइनँ । मलाई हाजिर गर्न नदिनाको कारण बुझ्न खोज्दा मेरो बच्चा सानो भएको हुनाले हाकिमको आँखामा म काम नलाग्ने पत्रकारमा गनिएछु र जागिरबाट निकालिएको रहेछु भन्ने कुरा बुझियो । आफ्नो शिशुलाई स्तनपान गराउन समय माग्नु के महिलाको कमजोरी हो ?" समूह छलफलमा ती सहभागीले त्यसरी आफ्नो अनुभव सुनाएपछि अरू सहभागीहरूले पनि आफूहरूले भोग्नु परेको थुप्रै त्यस्तो पक्षपाती एवं लैङ्गिक असंवेदनशील व्यवहारहरूको विवरण खुलेर बताएका थिए ।

समग्रमा सहभागीहरूको तर्क थियो– देशमा सञ्चारकर्मी महिलाहरूले जहिले पनि आफू कुन बेला जागिरबाट निकालिने हो भन्ने धुकचुक मनमा बोकिरहनु पर्ने वातावरण छ, त्यसकारण पनि सञ्चारक्षेत्रलाई नै आफ्नो मुख्य कार्यक्षेत्र बनाउने सोचले अगाडि आएकाहरूसमेत अन्यत्र कतै स्थायी जागिर भेटेमा यो क्षेत्र छाडिदिन्छन् । अनुसन्धानका क्रममा सञ्चारकर्मी महिलाहरूले उठाएका यी सवालहरू विभिन्न सञ्चारसंस्थाको निर्णायक तहमा बसेका व्यक्तिहरू समक्ष राखी तिनको धारणा बुझ्न खोज्दा थरिथरिको प्रतिक्रिया आएको पाइयो । राजधानीबाट निक्लने एक राष्ट्रिय दैनिकका प्रधान सम्पादकको टिप्पणी थियो, "ठूलो अफिसमा बस्दा यस्ता साना-साना कुरा मेरो एटेन्सनमै आउँदैन ।" अर्को एक अङ्ग्रेजी राष्ट्रिय दैनिकका प्रधान सम्पादकको भनाइ थियो, "पत्रकारितामा

जागिरको कुनै ग्यारेन्टी नहुने समस्या त पुरुषहरूलाई पनि उस्तै हो, तैपनि महिलाहरू चाहिँ अन्यत्र अलि राम्रो जस्तो काम भेटे भने पत्रकारिता क्षेत्रबाट पलायन हुन बेरै लगाउँदैनन् । सायद महिलाहरूमा यस पेसाप्रति लगाव नै पो कम भएको हो कि ?" उनले आफ्नै पत्रिकामा काम गर्ने एक सञ्चारकर्मी महिलाको नामै उल्लेख गरेर उक्त कुरा पुष्टि गर्न प्रयास गरेका थिए । उनको भनाइ थियो, "ती महिला आफ्नो काममा निकै पोख्त थिइन्, यसै क्षेत्रमा तिनको भविष्य राम्रो थियो तर विदेशी नियोगमा जागिर पाउने बित्तिकै तिनी यस क्षेत्रबाट हराइन् । यसलाई कसरी बुझ्ने ?"

## *विश्वासको सङ्कट*

छलफलको क्रममा सहभागीहरूले सञ्चार क्षेत्रमा महिलाको क्षमतामा हत्तपत्त विश्वासै गरिन्न भनेर गुनासो गरेका पाइयो । उनीहरूको भनाइअनुसार छापा सञ्चारमाध्यम होस् या विद्युतीय सञ्चारमाध्यम, प्रायः सबैतिर नै कुनै पनि गम्भीर विषयमा रिपोर्टिङ गर्नुपर्दा जहिले पनि पुरुष संवाददातालाई नै अह्राइन्छ, महिला संवाददाताहरूबाट पनि त्यस्तो काम सफलतापूर्वक सम्पन्न हुनसक्छ भन्ने कुरामा हत्तपत्त विश्वासै गरिन्न । कास्कीकी एक सहभागीको भनाइ थियो, "महिलाहरूमा पनि पत्रकारिताको क्षमता हुन्छ भन्ने कुरामा हाकिमहरूले हत्तपत्त विश्वास नगर्ने हुनाले हाकिमको आँखामा आफ्नो क्षमता सावित गर्न महिलाले धेरै मिहिनेत गर्नुपर्छ र लामो समय कुर्नुपर्छ जबकि पुरुषहरूले भने अवसर पनि छिटै पाउँछन् र आफूलाई सावित गर्न पनि पर्दैन ।" उक्त कुरामा सही थाप्दै सोही जिल्लाकी अर्की एक सहभागीले भनेकी थिइन्, "पहिलो कुरा त यस क्षेत्रमा महिलाहरू पनि लामो समयसम्म टिक्न सक्छन् भन्ने कुरामा नै हाकिमहरूलाई विश्वास हुन्न । यो महिला हो यसलाई नियुक्त गर्नु भनेको संस्थालाई डुबाउनु हो भन्ने उनीहरूको सोच हुन्छ । अर्को कुरा कथंकदाचित यस क्षेत्रमा महिलाहरू लामो समयसम्म टिकिरहे भने पनि तिनलाई महत्त्व दिएर व्यवहार गर्न कहिल्यै आवश्यक ठानिन्न । महिलालाई सधैँ 'बिचरा' भनेको जस्तो गरेर व्यवहार गरिन्छ ।"

सञ्चारकर्मी महिलाहरूलाई अफिसभित्र मात्र नपत्याइने होइन, समाचार सङ्कलनको क्रममा फिल्डमा पुग्दा पनि पुरुष सञ्चारकर्मीलाई जसरी पत्याएर व्यवहार गर्ने चलन छैन भन्ने सहभागीहरूको भनाइ थियो । कार्यक्रमका आयोजकहरूदेखि विभिन्न कार्यालय, अड्डा-अदालत सबैतिर सञ्चारकर्मी पुरुष अगाडि पुगेमा तिनलाई मानसम्मानका साथ सूचना तथा जानकारीहरू उपलब्ध

गराइन्छ तर महिलाहरूले सूचना माग्दा भने सकेसम्म आलटाल गर्न खोजिन्छ। त्यसरी अविश्वास गरिने हुनाले पनि सञ्चारकर्मी महिलाहरू सूचनाको हकबाट पनि ठगिन पुगेका छन् भन्ने उनीहरूको भनाइ थियो। छलफलको क्रममा धरानकी एक सहभागीले भनेकी थिइन्, "पुरुषले चाहिँ म फलानो पत्रिकाबाट आएको भनेको भरमै उसलाई बोलाएर मानसम्मान गर्दै सूचनाहरू दिइन्छ तर महिलाले त्यति भनेको भरमा त्यस किसिमको रेस्पोन्स पाइहाल्दिन, उसले परिचय पत्रै देखाउनु पर्छ। अझ त्यो पनि ओल्टाइपल्टाइ गरी हेरेपछि मात्र बल्ल पत्याएझैँ गरिन्छ। त्यति दुःख गरी-गरी समाचार तयार पाऱ्यो, फेरि त्यो समाचारले अखबारमा स्थान पाउने हो कि होइन भन्ने पीर त आफ्नो ठाउँमा छँदैछ।" महिलाहरूले गरेको रिपोर्टिङमा सम्पादकहरू हत्तपत्त आँखै लगाउँदैनन्, त्यसको सम्पादन गर्दा धेरै मिहिनेत गर्नुपर्छ भन्ने उनीहरूको अनुमान हुन्छ भन्ने कुरा मोफसलका अधिकांश सहभागीहरूले उठाएका थिए।

सहभागीहरूले उठाएका उपरोक्त समस्याहरूको विषयमा सरकारी तथा निजी सञ्चारमाध्यमका सम्पादक, प्रकाशक, प्रशासकलगायतका सबै निर्णायक तहका व्यक्तिहरू समक्ष जिज्ञासा राखिएको थियो। त्यस अवसरमा धेरैबाट पूर्वाग्रही जवाफ आएको पाइयो। रेडियो नेपालका एक हाकिमको जवाफ थियो, "हाम्रा महिला दिदीबहिनीहरूमा पत्रकारिताको सीप पटक्कै छैन, बिचराहरू महिनाको नाम लेख्दा पनि शुद्ध लेख्न जान्दैनन्। तर रूने मामलामा उनीहरूलाई कसैले उछिन्न सक्दैन, केही भन्नै हुन्न क्वाँ क्वाँ रोइहाल्छन् हाम्रा दिदीबहिनीहरू !" उनको कुरामा सही थाप्दै सोही संस्थाका अर्का एक प्रशासक (पुरुष) ले पनि महिलाहरूलाई उडाउन बेर लगाएनन्। उनको भनाइ थियो, "महिला दिदीबहिनीहरू बिदा बढी खोज्छन्। घरमै बसीबसी हाजिर गर्न पाए अझ खुशी हुन्छन्।" त्यति भन्दाभन्दै उनले यो पनि भन्न छुटाएनन्, "महिलाहरूमा पत्रकारिताको सीप त उति हुन्न तर पनि तिनको स्वर बढी बिक्ने भएको हुँदा रेडियोमा तिनले स्थान पाएका छन्।"

मोफसलका सम्पादक प्रकाशकहरूले पनि सञ्चारकर्मी महिलाहरूको ढङ्ग हुन्न भन्ने कुरामा नै जोड दिन खोजेका बुझियो। नेपालगञ्जबाट निस्कने *मध्यपश्चिम दैनिक*का सम्पादक मेघराज वलीको भनाइ थियो, "नेपालगञ्जमा महिलाहरूले पत्रकारिताको तालिम लिने लहरै चलेको छ, तर जति तालिम लिए पनि के गर्नु ? काम लगाउन पर्दा तिनलाई फेरि पत्रकारिताको विषयमा सुरुदेखि नै सिकाउनु पर्छ !" पोखराका सम्पादक तथा प्रकाशकहरूको भनाइ पनि यस्तैखालको पाइयो। "क्षमता छैन, समय दिँदैनन्। जागिर मात्रै खोजेर कहाँ

हुन्छ पत्रकारितामा" पोखराको दैनिक अखबारका एकजना सम्पादकको भनाइ थियो । नेपालगञ्जबाटै निस्कने एक साप्ताहिक अखबारका सम्पादकले पनि उस्तै आशयको अभिव्यक्ति दिएका थिए । उनको भनाइ थियो, "महिलाहरू पत्रकारिताको रहर त गर्छन् नि बिचराहरू ! तर के गर्नु ढङ्ग पटक्कै हुन्न तिनको । त्यसैले तिनले गरेका रिपोर्टिङमा आँखै लगाउन मन लाग्दैन । सकेसम्म सञ्चारकर्मी पुरुषहरूकै रिपोर्टिङलाई म प्राथमिकता दिन्छु किनकि तिनले ल्याएका सामग्रीमा मैले केही मिहिनेत नै गर्नु पर्दैन ।" सधैँभरि त्यसरी नै सञ्चारकर्मी महिलाहरूले तयार पारेको रिपोर्टिङ गतिलो हुन्न भन्दै सम्पादकले पन्छाइदिने हो भने महिलाहरू हतोत्साहित हुन्नन् र ? भनी प्रश्न गर्दा ती सम्पादकको जवाफ थियो, "हतोत्साहित भए हामीले के गर्नु त ? आखिर उसै पनि उनीहरू यस क्षेत्रमा लामो समयसम्म टिक्ने होइनन् क्यारे ।" बुटवलको एक दैनिक अखबारका प्रधान सम्पादकको भनाइ थियो, "महिला सञ्चारकर्मीहरूलाई जत्ति सिकाए पनि जान्दैनन् तर पुरुष सञ्चारकर्मीहरूलाई भने यस्सो सङ्केत मात्र गर्नुपर्छ कुरा बुझिहाल्छन् ।" मोफसलमा कतिपय सञ्चार संस्था प्रमुखहरूले सञ्चारकर्मी महिलाहरूमा पत्रकारिताको सीप नै हुँदैन, रहर गर्नु एउटा कुरा हो तर रहर गर्ने मात्र होइन, काम गरेर देखाउन सक्ने पत्रकारहरूको खाँचो छ भन्दै उनीहरू पुरुषहरूलाई नै बढी प्राथमिकता दिने पक्षमा रहेको बुझियो ।

यता राजधानीका निजी सञ्चारमाध्यमहरूमा चाहिँ निर्णायक तहमा रहेका व्यक्तिहरूले यस सवालमा सोझै महिलाको कमजोरी औँल्याउनुभन्दा पनि अलि कुटनीतिक पाराले जवाफ दिएका थिए । नेपाली छापा सञ्चारमाध्यमका एकजना प्रधान सम्पादकको भनाइ थियो, "पत्रकारितामा होस् या अन्यत्र, काममा महिला पुरुष भन्ने सवालै उठ्दैन, मुख्य कुरा त्यस व्यक्तिमा क्षमता हुनुपर्‍यो । क्षमता छैन भने महिला मात्र होइन, पुरुषको पनि त्यही हविगत हुन्छ ।" अर्का एक अङ्ग्रेजी दैनिकका प्रधान सम्पादकको भनाइ थियो, "मेरो अखबारमा केही ठिटीहरूले त राम्रै काम गरेर देखाएका छन् ।" निजी विद्युतीय सञ्चारसंस्थाहरूका प्रमुखहरूले चाहिँ महिलाको सीपको विषयमा कुरा गर्नुभन्दा पनि तिनको रूप र आवाजको प्रशंसा गर्दै कुरालाई मोड्न खोजेको पाइयो । विषयमा केन्द्रित भई जवाफ दिन अनुरोध गरेपछि त्यताबाट आएको जवाफको सार यही थियो– सञ्चारकर्मी महिलाहरू गम्भीर विषयमा भन्दा पनि सजिला विषयहरूमा बढी आकर्षित हुन्छन् । यसरी प्रकारान्तरबाट विद्युतीय सञ्चारमाध्यममा पनि गम्भीर विषयमा पुरुषहरूकै वर्चस्व रहेको कुरा बुझाउन खोजिएको पाइयो ।

यसरी विभिन्न सञ्चार क्षेत्रका निर्णायक तहमा रहेका व्यक्तिहरूको कुरा सुन्दा छलफलको क्रममा सञ्चारकर्मी महिलाहरूले हाकिमहरूले पत्याउँदैनन् भनेर जुन कुरा उठाएका थिए त्यो यथार्थ रहेछ भन्ने बुझिन आयो ।

जहाँसम्म सञ्चारकर्मी महिलाहरूको बारेमा समाजका अन्य क्षेत्रका व्यक्तिहरूको धारणाको कुरा छ त्यो भने महिला सञ्चारकर्मीहरूले भने जत्तिको नकारात्मक भएको पाइएन । पत्रकार भन्नासाथ आफूले समाचारको मूल्य हेर्ने र महिला-पुरुष भनेर नछुट्ट्याउने कुरा बताउने उद्योगपति आनन्दराज मुल्मीका विचारमा महिलाको इमान्दारीलाई पत्रकारितामा लगाइयो भने समाजलाई नै फाइदा पुग्छ । उहाँले भन्नुभयो, "भ्रष्टाचारमुक्त समाजका लागि पनि पत्रकारितामा महिलाको सक्रिय भूमिका हुनैपर्छ ।" यस्तै खालको विचार राख्ने विभिन्न क्षेत्रका व्यक्तित्वहरू पूर्वाञ्चलमा पनि भेटिएका थिए । सञ्चारकर्मी महिलाहरूको विषयमा समाजका विभिन्न व्यक्तित्वहरूको धारणा बुझ्न खोज्दा अधिकांशले सकारात्मक विचार व्यक्त गरेका पाइयो । कतिपयले त पुरुष सञ्चारकर्मीहरूभन्दा महिला सञ्चारकर्मीहरू बढी इमान्दार हुन्छन्, उनीहरू सूचनालाई नबङ्ग्याइकन समाचार बनाउँछन् भनेर गुणगान गरेको समेत सुनियो ।

### *अनुभवको गणना नहुनु*

अनुसन्धानको क्रममा पत्रकारितामा अनुभवको गणना नहुनु महिला सञ्चारकर्मीहरूका लागि अर्को ठूलो समस्या बनेको बुझियो । समूह छलफलको बेलामा अधिकांश सहभागीहरूको भनाइ थियो– महिलाहरूको अनुभवको गणना नगरिनाले तिनलाई दोहोरो मार परिरहेको छ । राजधानीको एक निजी छापा सञ्चारमाध्यममा कार्यरत एक सञ्चारकर्मी महिलाले भनेकी थिइन्, "सञ्चारकर्मी महिलाले एक ठाउँबाट अर्को ठाउँमा काम गर्न जाँदा प्रायगरी 'जिरो लेबल' बाट काम सुरु गर्नुपर्छ । नयाँ ठाउँमा उसको पुरानो ठाउँको कामको 'काउण्ट' हुँदैन । त्यहाँ उसलाई 'यो त पत्रकारिताको अनुभव भैसकेको व्यक्ति हो' भनेर राम्रो 'पोजिसन' दिइँदैन, उल्टो 'नयाँ मान्छे' भनेर अलि हेपेरै काम लगाइन्छ । त्यसले गर्दा हतोत्साहित हुनु त स्वाभाविकै हो नि !" अनुसन्धानको क्रममा एउटा दैनिक अखबारभित्र लेखरचना शाखामा बसेर विशेषाङ्क समेत निकालिसकेको अनुभव भएको सञ्चारकर्मी महिलाले अर्को दैनिक अखबारमा प्रवेश गर्दा प्रशिक्षार्थीका रूपमा काम गर्नु परेको 'केस' पनि भेटिएको थियो ।

यसरी पत्रकारिता गर्ने महिलालाई एकातिर कुन बेला आफूले जागिरबाट हात धुनुपर्ने हो भन्ने मनमा धुकचुक भइरहनु अर्कोतिर नयाँ ठाउँमा काम गर्न

जाँदा उसको पुरानो अनुभवको कुनै गणना नहुनाले गर्दा महिलाले कैयौँ वर्ष पत्रकारितामा लागे पनि जहिले पनि कनिष्ठको कनिष्ठ नै भएर काम गर्नुपर्ने बाध्यता भैरहेको बुझियो । यो समस्या राजधानी र मोफसल सबैतिरका सञ्चारकर्मी महिलाले भोग्नु परिरहेको साझा समस्या हो भन्ने कुरा अनुसन्धानका क्रममा भएको छलफलबाट स्पष्ट हुनआयो ।

यस सवालमा राजधानी र मोफसलका विभिन्न सञ्चारसंस्थाका निर्णायकहरूसमक्ष जिज्ञासा राख्दा धेरैले यो कुरालाई नकारेको पाइयो भने केहीले स्वीकारेको पनि भेटियो । कतिपयले चाहिँ अस्पष्ट भनाइ राखेर कुरा टार्न खोजेको बुझियो । राजधानीको एक नेपाली दैनिकका प्रधान सम्पादकको भनाइ थियो, "पत्रकार यदि दक्ष छ भने त्यो महिला हो कि पुरुष हो भन्ने सवालै उठ्दैन, जता पनि उसको माग हुन्छ, नयाँ भनेर हेपेर काम लगाइने भन्ने कुरा हुन्न ।"

राजधानीकै एक अङ्ग्रेजी दैनिकका प्रधान सम्पादकको भनाइ यस्तो थियो, "हामीकहाँ त्यस्तो गरिन्न । जो अनुभवी छ त्यसले आफ्नो कामबाट नै सबैलाई प्रभाव पार्न सक्छ र त्यस्तालाई छिटै पदोन्नति पनि गरिन्छ ।" राजधानीमै एक निजी टेलिभिजन च्यानलका प्रमुखले आफ्नो विचार यसरी व्यक्त गरेका थिए, "जोसित साँच्चै नै क्षमता छ त्यसले छिट्टै प्रभाव पारिहाल्छ, त्यस्तो सञ्चारकर्मी चाहे महिला होस् या पुरुष जता पनि उसको हाई हाई नै हुन्छ ।" तर राजधानीभित्र र मोफसलका अरू कतिपय विद्युतीय सञ्चारमाध्यमहरूका प्रमुखहरू तथा दैनिक, साप्ताहिक, पाक्षिक तथा मासिक पत्रपत्रिकाका सम्पादक प्रशासकहरूले भने यस सवाललाई उति महत्त्वपूर्ण सवाल होइन भनेको झैँ गरी लटरपटर जवाफ दिएर कुरा टार्न खोजेको पाइयो ।

## *निर्णायक तहमा महिलाको उपस्थिति न्यून*

अनुसन्धानको क्रममा नेपालमा सञ्चारकर्मी महिलाहरूको सङ्ख्या अभिवृद्धि हुन नसक्नाका कारणहरूमध्ये सञ्चार क्षेत्रका निर्णायक तहहरूमा महिलाको उपस्थिति उल्लेख्य सङ्ख्यामा नहुनु पनि एक मुख्य कारण हो भन्ने बुझियो । समूह छलफलको बेलामा मोफसलका लगभग सबै सहभागीहरूले आफूहरूले पुरुष हाकिमको मातहतमा रहेर काम गरिरहेको कुरा बताएका थिए । उनीहरूको भनाइअनुसार मोफसलका सबै सञ्चारमाध्यमहरूमा प्रमुखको स्थानमा पुरुषहरू नै आसिन छन् र त्यसभन्दा तलका तहहरू (निर्णायक तह) मा पनि जतातत्तै पुरुषहरूकै बाहुल्य रहेको छ । यता राजधानीमा पनि सहभागीहरूको भनाइअनुसार केही अपवादलाई छोडेर बाँकी सबैतिरको अवस्था उस्तै नै छ भन्ने बुझियो ।

अनुसन्धानको क्रममा सहभागीहरूले भरेका प्रश्नावलीले पनि यही तथ्य देखाएको थियो भने अनुसन्धान टोलीले गरेको स्थलगत निरीक्षणबाट पनि यही तथ्य पुष्टि हुन आयो ।

समूह छलफलको बेला सञ्चार क्षेत्रमा निर्णायक तहहरूमा जतातत्तै पुरुषहरूकै मात्र हालीमुहाली भइरहेको हुनाले नै सञ्चारकर्मी महिलाहरूको समस्याको उचित सुनवाइ हुन नसकेको हो भन्ने कुरालाई सहभागीहरूले जोड दिएर उठाएका थिए । त्यसो भए के महिलाहरू निर्णायक तहमा आए भने सञ्चारकर्मी महिलाहरूका सारा समस्या तुरून्तै समाधान हुन्छ त ? भनी प्रश्न गर्दा अधिकांश सहभागीहरूले उत्साहित भई उत्तर दिएका थिए– अहिलेको अवस्थामा धेरै नै सुधार हुन्छ । त्यसो भन्नुको पछाडि उनीहरूको तर्क थियो– महिलाका समस्या पुरुष हाकिमलेभन्दा महिला हाकिमले स्वाभाविक रूपमा गहिरो ढङ्गले बुझ्न सक्छिन् । बुटवलकी एक सहभागीले भनेकी थिइन्, “महिलाको शारीरिक बनावटका कारण कतिपय समस्याहरू यस्ता पनि हुन्छन् जुन पुरुष हाकिमसमक्ष खुलेर भन्न मिल्दैन तर महिला हाकिम हुने हो भने त्यो कुरा इशारा मात्र गरे पनि उनले बुझ्न सक्छिन्, व्याख्या गरिरहनुपर्ने जरुरत नै पर्दैन ।” सो भनाइमा अरू कुरा पनि थप्दै अरू धेरै सहभागीहरूले भनेका थिए– कार्यालयभित्र हाकिम नै महिला हुने हो भने सञ्चारकर्मी महिलाले अहिले जसरी हेपिएर बस्नु परिरहेको छ, त्यो स्थितिमा निश्चय नै सुधार हुनेछ ।

हुन त छलफलका बेला केही सहभागीहरूले आफूहरूले महिला हाकिमबाटै पनि धेरै दुःख पाउनु परिरहेको छ भन्ने कुरा पनि उठाएका थिए । तर स्मरणीय कुरा के भने त्यसो भन्ने सहभागीहरूको सङ्ख्या ज्यादै नगण्य मात्र थियो । अधिकांश सहभागीहरू सञ्चार क्षेत्रमा निर्णायक तहमा महिलाहरूको उल्लेख्य उपस्थिति हुने हो भने सञ्चारकर्मी महिलाका समस्याको उचित सुनवाइ हुनसक्छ भन्ने कुरामा दृढ देखिन्थे । यस सवालमा राजधानी र मोफसलका विभिन्न सञ्चारमाध्यममा निर्णायक तहमा रहेका व्यक्तिहरू (जो लगभग सबै पुरुषहरू मात्र थिए) को विचार बुझ्न प्रयास गर्दा कतिपयले अति नकारात्मक प्रतिक्रिया व्यक्त गरेको पनि पाइयो । उनीहरूको भनाइको सार यही थियो– महिलाहरू इर्ष्यालु स्वभावका हुन्छन्, महिलाले नै महिलाहरूको खुट्टा तान्छन् । सरकारी सञ्चारमाध्यमको निर्णायक तहका एक व्यक्तिले त कतिसम्म पनि भनेको सुनियो भने महिलाहरूमा नेतृत्वको क्षमता नै हुन्न त्यसैले उनीहरू निर्णायक तहमा पुगेर पनि केही गर्न सक्दैनन् । तिनले एउटा महिलाको नामै उल्लेख गरेर यो कुरा पुष्टि गर्न खोजेका थिए । तर त्यसरी अपवादलाई साधारणीकरण गरी ‘सबै

महिलाहरू उस्तै हुन्' भन्ने ठान्नु कहाँसम्म उचित होला ? नीतिनिर्माण तहमा बसेका व्यक्तिहरूले यो कुरा बुझ्नु जरुरी छ।

नीति निर्माण तहमा महिला सहभागिताको सवालमा केहीले भने सकारात्मक धारणा व्यक्त गरेको पनि पाइएको थियो। राजधानीबाट निस्कने एक अङ्ग्रेजी अखबारका प्रधान सम्पादकको टिप्पणी थियो, "महिलाको समस्या एउटा पुरुषले भन्दा एउटी महिलाले स्वाभाविक रूपमा बढी बुझ्न सक्छिन्, त्यसैले सञ्चार क्षेत्रमा निर्णायक तहमा एक दुईजना मात्र होइन, उल्लेख्य सङ्ख्यामा नै महिलाहरूको उपस्थिति हुनु आवश्यक छ।" अनुसन्धानको क्रममा समयअनुसार चल्न खोज्ने व्यवस्थापक र प्रशासकहरू स्वयं बाँधिएको अनुभव गर्नेहरू पनि नभेटिएका होइनन्। "सिष्टमले पनि महिलाहरू पीडित छन्" एकजना व्यवस्थापन प्रमुखको भनाइ थियो। उनका अनुसार बाहिरबाट देखिने सञ्चारमाध्यमको रूप र त्यसभित्र हुने चलखेलहरू अनुमानै गर्न नसकिने गरी फरक हुँदोरहेछ। त्यो चलखेल पुरुषप्रधान हुने र त्यसले महिलालाई भर्ना गर्ने बेलादेखि बढुवा गरी निर्णायक तहमा पुऱ्याउने बेलासम्म पाइला-पाइलामा पछाडि पारेको छ भन्ने उनको ठहर थियो।

मोफसलका केही सञ्चारविज्ञहरूले विभिन्न उपायहरूको अवलम्बन गरेर भए पनि महिलालाई निर्णायक तहमा ल्याउन पहल गर्नु जरुरी छ भन्ने आफ्ना राय अगाडि सारेका पाइयो। पूर्वाञ्चलको एक कलेजमा पत्रकारिता विषय पढाउने गुरुको भनाइ थियो, "पत्रकार महिलाहरूको समस्याको उचित सुनवाइका लागि तत्काल सकारात्मक भेदभावको सिद्धान्त अवलम्बन गरेरै भए पनि यस क्षेत्रमा निर्णायक तहमा उल्लेख्य सङ्ख्यामा महिलाहरूलाई ल्याउनु जरुरी छ।"

यसरी अनुसन्धानको क्रममा सञ्चारकर्मी महिलाहरूको अनुभव सुन्दा तथा सम्बन्धित अन्य सरोकारवालाहरूको विचार बुझ्दा र वस्तुस्थितिको अवलोकन गर्दा पत्रकारिता क्षेत्रमा निर्णायक तहमा महिलाहरूको उपस्थिति अत्यन्त नगण्य मात्रामा (एक प्रकारले शून्य नै छ भने पनि हुने) रहेको तथ्य स्पष्ट हुन्छ। त्यो अवस्थामा सुधार नल्याइकन पत्रकारितामा महिला सहभागिताको अभिवृद्धि हुन नसक्ने हुनाले सरकारी तथा निजी सबै सञ्चार संस्थाहरूले तत्काल सकारात्मक विभेदको नीति अवलम्बन गरिकनै भए पनि महिलालाई नेतृत्व तहमा पुऱ्याउनु जरुरी छ भन्ने बुझियो।

### *कार्यालयभित्रको वातावरणमा लैङ्गिक अन्धता व्याप्त*

अनुसन्धानको क्रममा राजधानी तथा मोफसलका विभिन्न सञ्चारमाध्यमका कार्यालयहरूभित्र लैङ्गिकमैत्री वातावरण नभएको र त्यसले गर्दा सञ्चारकर्मी

महिलाहरूको उत्साहमा व्यवधान पुगिरहेको छ भन्ने थाहा पाइयो। समूह छलफलको बेला मोफसलका अधिकांश सञ्चारकर्मी महिलाहरूले कार्यालयभित्र आफूहरूमाथि लैङ्गिक भेदभावको दृष्टिले व्यवहार गर्ने गरेको कुरा सुनाएका थिए। उनीहरूको भनाइअनुसार कार्यालयभित्र सञ्चारकर्मी महिलालाई तिनका सहकर्मी पुरुषहरूले पनि उति गन्न खोज्दैनन्, महिलाले गाह्रो-अप्ठ्यारो विषयमा काम गर्न रहर गर्दा पुरुष सञ्चारकर्मीहरू ठाडै भन्छन्– यस्तो काम तिमीहरूले गर्न सक्दैनौ। पूर्वाञ्चलकी एक सञ्चारकर्मी महिलाको भनाइ थियो, "पुरुषहरू जहिले पनि महिलाहरू सजिलै काममा अलमलिई रहुन् भन्ने चाहन्छन्।" सोही क्षेत्रकी अर्की महिलाले सही थाप्दै भनेकी थिइन्, "पुरुष सहकर्मीको मात्र कुरा हो र ! अफिसभित्र महिलाहरूप्रति हाकिमको व्यवहार पनि त्यस्तै किसिमको हुन्छ।" कार्यालयभित्र महिलालाई गरिने लैङ्गिक भेदभावपूर्ण व्यवहारका घटनाहरू सुनाउने क्रममा एउटी सहभागीले भनेकी थिइन्, "मैले जति राम्रो गरेर समाचार तयार पारे पनि मेरा हाकिमले त्यो समाचार हेर्दै नहेरी एकातिर फालिदिन्छन्।" अर्कीको भनाइ थियो, "म सँगैको पुरुषलाई हाकिमले 'तपाईं' भनेर सम्बोधन गर्छन् तर मलाई चाहिँ 'तिमी' भनेर सम्बोधन गर्छन् , काम अलिकति तलमाथि हुनुहुँदैन, घरको नोकरलाई झपारेझैँ गरी झपार्छन्।"

छलफलका बेला उपत्यकाभित्रका सञ्चारकर्मी महिलाहरूले पनि कार्यालयभित्रको लैङ्गिक अन्धतापूर्ण व्यवहारको विषयमा थुप्रै कटु अनुभवहरू सुनाएका थिए। सञ्चारमाध्यमका कार्यालयहरूभित्र सञ्चारकर्मी महिलाहरूप्रति पुरुष सहकर्मीहरू तथा हाकिमहरूको व्यवहार दुईजिब्रे पाराको हुन्छ। पुरुष सहकर्मीहरू र हाकिमहरू महिलाहरू कमजोर देखिएको बेला त सहानुभूति देखाउँछन्, सहयोग गरेको जस्तो पनि गर्छन् तर महिलाहरू निर्णायक तहमा पुगून् भन्ने उनीहरू चाहँदैनन् भन्ने ती सहभागीहरूको भनाइ थियो। सरकारी छापा सञ्चारमाध्यममा लामो समयदेखि कार्यरत एक सञ्चारकर्मी महिलाले रात्रिसमूहको एकल संयोजकको भूमिकासमेत निर्वाह गरिसकेकी पाइयो। तैपनि सरकारी सञ्चारमाध्यमहरूमा पुरुष सहकर्मी तथा हाकिमहरूले सञ्चारकर्मी महिलाहरू पनि सक्षम हुन्छन् भन्ने धारणा बनाउन चाहेको पाइएन। उनीहरूले अप्ठ्यारो परिस्थितिमा पनि आफ्नो कर्तव्य निर्वाह गर्न कुनै कसर बाँकी नराख्ने महिला सञ्चारकर्मीलाई 'त्यो त अपवाद हो' भनेर पन्छ्याउन खोजेको देखियो। "सञ्चार जगत्मा पुरुषले देखाएको कमजोरीलाई 'मानवीय कमजोरी' ठान्ने र महिलाले देखाएको साहसलाई भने 'अपवाद' मान्ने व्यक्तिहरूको बाहुल्य रहेसम्म सञ्चारकर्मी महिलाहरूको उचित मूल्याङ्कन हुन सक्दैन" ती महिलाको भनाइ थियो।

राजधानीमा एक विद्युतीय सञ्चारसंस्थामा माथिल्लै तहमा कार्यरत अर्की एक सञ्चारकर्मी महिलाले भनेकी थिइन्, "कार्यालयभित्र लैङ्गिक अन्धताको वातावरण कुन हदसम्म व्याप्त छ भन्ने कुरा पुष्टि गर्न खोई कुन कुन उदाहरण मात्र दिनु !" उनले शिष्टाचारगत भेदभावतर्फ पनि प्रस्ट पार्दै भनिन्, "अरू त अरू कार्यालयभित्र गार्ड र पियनहरूले समेत हामी महिलालाई उतिबिधि टेर्न खोज्दैनन् । महिलालाई 'नमस्कार' पनि गर्दैनन् जबकि पुरुष सञ्चारकर्मीहरूलाई भने तिनीहरू प्रशिक्षार्थी सञ्चारकर्मी नै किन नहुन् तर 'सर' भनेर सम्मानका साथ सम्बोधन गर्छन् अनि नमस्कार पनि गर्छन् ।"

कार्यालयभित्र पुरुष हाकिम, सहकर्मी अनि गार्ड-पियनहरूद्वारा गरिने व्यवहारमा त लैङ्गिक अन्धता व्याप्त छ नै, अझ त्यतिले नपुगेर कार्यालयभित्रको भौतिक संरचनामा समेत लैङ्गिक अन्धता व्याप्त हुन छुटेको छैन भन्ने सहभागीहरूको भनाइ थियो । छलफलको क्रममा मोफसलका सञ्चारकर्मी महिलाहरूले कार्यालयभित्र आफूहरूका लागि बसेर काम गर्ने छुट्टै मेचटेबुलसम्म छैन, कहिलेकाहीँ पाहुना आउँदा बसेर कुरा गर्न मिल्ने ठाउँ समेत हुन्न भनी गुनासो गरेका थिए । त्यसैगरी कार्यालयभित्र छुट्टै महिला शौचालयको व्यवस्था नभएको कारणले पनि आफूहरूले दुःख झेल्नु परिरहेको कुरा उनीहरूले बताएका थिए । नभन्दै अनुसन्धान टोलीले निरीक्षण गरेको कार्यालयहरूमा कतै पनि अलग्गै महिला शौचालय थिएन । कार्यालयभित्र महिलाका लागि छुट्टै शौचालयको व्यवस्था नभएका हुनाले खासगरी महिनावारी भएको बेलामा धेरै अप्ठ्यारो पर्ने गरेको अनुभव सहभागीहरूले सुनाएका थिए । मोफसलमा कार्यरत एउटी सहभागीको भनाइ थियो, "हाम्रो अफिसमा त झन् भएको त्यही एउटा शौचालयमा पनि ढोकामा चुक्कुलै लाग्दैन, पुरुषसाथीहरू लाजै नमानी ढोका यस्सो हुलेर नै काम चलाउँछन् तर हामी महिलाहरू दुईजना छौँ, अफिसमा बसुञ्जेल सकेसम्म रोकेरै बस्छौँ ।"

अनुसन्धानबाट के थाहा पाइयो भने मोफसलमा मात्र होइन, राजधानीस्थित सञ्चारमाध्यमका कार्यालयहरूमा समेत केही अपवादलाई छोडेर बाँकी लगभग सबैतिर शौचालयको समस्या उस्तै हो । राजधानीमा कतिपय कार्यालयहरूमा महिलाका लागि छुट्टै शौचालयको व्यवस्था भए तापनि त्यो केवल नाम मात्रैको भएको बुझियो-देखियो । कार्यालयभित्र काम गर्ने वातावरण तथा शौचालय आदि सम्बन्धी समस्यालाई लिएर सम्बन्धित क्षेत्रका प्रमुखहरू समक्ष जिज्ञासा राख्दा कतिपयले महिलाका यी समस्याहरूका बारेमा यसअघि आफूहरूले कहिल्यै सोच्दै नसोचेको बताए भने बाँकी अन्यले यो समस्या कुनै ठूलो समस्या नै होइन भन्ने आशयको जवाफ दिए । यस्तो जवाफ आफैँमा लैङ्गिक अन्धताको

ज्वलन्त उदाहरण थियो । कार्यालयभित्र सञ्चारकर्मी महिलाहरूलाई हतोत्साही व्यवहार गरिन्छ भन्ने सहभागीहरूको भनाइ अघि सार्दै विचार बुझ्न खोज्दा पुरुष सञ्चारकर्मी, सम्पादक, उपसम्पादक तथा प्रमुखहरूमध्ये अधिकांशले उक्त कुरालाई स्वीकार्न खोजेनन् । केहीले चाहिँ उल्टै महिलाहरूलाई नै दोषी औँल्याएको पनि पाइयो । उनीहरूको तर्क थियो- महिलाहरूमा हीनताबोध भएको कारणले गर्दा उनीहरूलाई त्यत्तिकै पनि पुरुषहरूले हेपेको जस्तो अनुभव हुने गरेको हो । तर समूह छलफलका बेला सहभागीहरूले सुनाएका धेरै घटनाहरू यस्ता थिए, जसको अध्ययन गर्दा ती महिलाको हीनताबोधकै मात्र उपज हुन् भन्न मिल्दैनथ्यो । कार्यालयभित्र लैङ्गिकमैत्री वातावरण भैदिएको भए न सञ्चारकर्मी महिलाहरूले त्यस्ता समस्याहरू भोग्नु पर्थ्यो न त पुरुष सहकर्मीहरू र हाकिमहरूको व्यवहारलाई लिएर तिनले गुनासो नै गर्नुपर्थ्यो । सञ्चारमाध्यमका कार्यालयहरूभित्र भौतिक संरचनाका हिसाबले महिलाका समस्यालाई बुझ्ने वातावरणको नितान्त अभाव छ भन्ने कुरा अनुसन्धानबाट स्पष्ट हुनआयो ।

### *यौन तथा अन्य किसिमको दुर्व्यवहारको प्रयास*

समूह छलफलका क्रममा सञ्चार क्षेत्रमा काम गर्ने महिलाहरूलाई सहकर्मी पुरुष मित्रहरू वा पुरुष हाकिमले मौका भेटेसम्म यौन तथा अन्य किसिमका दुर्व्यवहारहरू गर्न बाँकी राख्दैनन् भन्ने कुरा सहभागीहरूले व्यक्त गरेका थिए । यद्यपि सुरुमा यस सवालमा सहभागीहरूले खुलेर अभिव्यक्ति दिन हिचकिचाएको जस्तो देखिएको थियो । एक दुईजना सहभागीहरूले आ-आफ्ना कटु अनुभवहरू खुलेर बताउन सुरु गरेपछि चाहिँ अरूले पनि यस विषयमा आ-आफ्ना अनुभव र भनाइहरू खुलेरै बताएका थिए । महिलाहरूको जिउ छोएर कुरा गर्नु, महिलाहरू भएको ठाउँमा अनेक अश्लील शब्दहरू उच्चारण गर्नु तथा त्यस्तै किसिमका जोकहरू अथवा उखानहरू भन्दै गलल्ल हाँस्नु, काम सिकाइदिने बहानामा नजिकै टाँस्सिएर बस्न आउनु, धाप मार्नु आदि क्रियाकलाप गरी पुरुष सहकर्मी या पुरुष हाकिमहरू सञ्चारकर्मी महिलाको अस्मिताको शोषण गर्न अघि सर्छन् भन्ने सहभागीहरूको भनाइ थियो ।

छलफलको क्रममा यस सवालमा असहमति जनाउने सहभागीहरू पनि नभेटिएका होइनन् । उनीहरूका भनाइअनुसार क्षमता नभएका महिलाहरूलाई मात्र त्यस्तो दुर्व्यवहार गर्ने आँट गरिन्छ, जो महिला आफूमा क्षमतावान् छन् तिनलाई कसैले पनि त्यस्तो दुर्व्यवहार गर्ने आँट गर्न सक्दैन । तर उल्लेखनीय कुरा के भने त्यस्तो तर्क दिने सहभागीहरूको सङ्ख्या अत्यन्त कम थियो ।

अधिकांश सहभागीले आफूहरू र आफ्ना महिला मित्रहरूले कामको सिलसिलामा पुरुष मित्र तथा पुरुष हाकिमबाट भोग्नु परेको त्यसप्रकारको दुर्व्यवहारका अनगिन्ती घटनाहरू अगाडि सारेका थिए । नेपालगञ्जकी एक सहभागीले भनेकी थिइन्, "नेपालगञ्जमा हात मिलाउने (पुरुष/महिला र महिला/महिला पनि) चलन छ । हात मिलाउँदा हात नछाड्ने समातिरहने गर्छन् केटाहरू । यसो हात सकसकायो वा छुटाउन खोज्यो भने 'हात मिलाउन त अप्ठ्यारो मान्नेले के पत्रकारिता गर्छन्' भनेर उल्टै उडाएको सुन्नुपर्छ ।"

राजधानीभित्र कार्यरत एक सञ्चारकर्मी महिलाले आफूले भोग्नु परेको यौनदुर्व्यवहारको घटना सुनाउँदै भनेकी थिइन्, "प्रशंसा गरेको जस्तो गरेर पनि महिलामाथि यौनदुर्व्यवहारको चेष्टा गरिन्छ यस क्षेत्रमा । अलि अघिको कुरा हो, एकदिन म साडी लगाएर अफिस गएको बेला मेरो बोसले मलाई 'तपाईलाई साडी लगाएको पो सुहाउँदो रहेछ, यति राम्रो शरीर कुर्ता सुरुवाल लगाएर नढाक्नुस् है अब' भनेको म अझै पनि सम्झन्छु ।" पत्रकारिता जगत्मा कतिपय प्रमुखहरूले आफ्नो मातहतमा काम गर्ने महिलाहरूलाई कार्यालयभित्र मात्र होइन, कार्यालयबाहिर देख्दा-भेट्दा समेत त्यस्तो निकृष्ट व्यवहार गर्न बाँकी राख्दैनन् भन्ने गुनासो गर्दै अर्की एक सहभागीले आफूले बेहोर्नु परेको पीडा यसरी सुनाएकी थिइन्, "एउटा विवाहको निम्तामा गएको थिएँ । त्यहाँ मेरो अफिसको हाकिम (जो मेरो भाइ भन्न सुहाउने उमेरको छ) टन्न रक्सी पिएर बसेको रहेछ । मलाई देख्नासाथ नजिक आयो, मेरो आङ मुसार्दै त्यसले भन्यो– 'के छ त मैंया ?' मलाई एकदम 'अनइजी फिल' भयो । म तत्काल त्यहाँबाट पन्छिएर पर अरू साथीहरू भएको ठाउँमा बस्न गएँ । तर त्यो हाकिम त फेरि त्यहाँ पनि आइपुग्यो र मस्किदै कुरा गर्न खोज्यो । मलाई त्यसको अनुहार देखेर बान्ता आउला जस्तो भयो । केही बोलुँ भने हाकिम पऱ्यो आफ्नो जागिर जाने हो कि भन्ने डर । चूप लागेर बसुँ भने आफूलाई रिसले खपिनसक्नु भैसक्यो । हाकिमको त्यस्तो व्यवहारका कारण अन्ततः म त्यहाँ धेरैबेर बस्नै सकिनँ, चाँडै नै त्यहाँबाट बाहिरिएँ ।" अर्की सहभागीको अनुभव यस्तो थियो, "आजभन्दा दसवर्ष जति अघिको कुरा हो । अफिसमा एउटा पुरुष सहकर्मी जहिले पनि मेरो जिउ छोएर कुरा गर्थ्यो । एकदिन मैले त्यसलाई अलि कडा स्वरमै भन्नु पऱ्यो- 'तपाईं जिउ नछोइकन कुरा गर्न सक्नुहुन्न कि क्या हो ?' त्यसपछि भने बल्ल त्यसले मलाई जिउ छोएर कुरा गर्न छोडयो ।"

रिपोर्टिङ गर्न वा अरू कुनै कार्यक्रममा सहभागी हुन भनी अफिसबाट पुरुष मित्रहरूसँग एकैचोटि निस्के पनि फिल्डमा पुगेपछि सञ्चारकर्मी महिलाहरूले आफू एक्लो भएको अनुभव गर्नुपर्छ । पुरुष मित्रहरू महिलाहरूको मान-इज्जतको

ख्यालै नगरी दुर्व्यवहारका प्रयासहरू गर्न बेर लगाउँदैनन् भन्दै छलफलको क्रममा पोखराकी एक सञ्चारकर्मी महिलाले आफ्नो भनाइ यसरी राखेकी थिइन्, "कतिपय कुरा सार्वजनिक गर्नै मिल्दैन, शत्रुता बढ्छ । डिनर-सिनरका बेला कतै गएका बेला एक्लोपनको महसुस हुन्छ । पुरुषहरूले मनपरी शब्द बोलेको, छिल्लिएको सबै हेरेर बसिरहने कि त्यहाँबाट उठेर हिँड्ने जस्तो हुन्छ । फर्किउँ भने समाचारको स्रोत कमजोर हुने, बसिरहूँ भने त्यहाँ बस्नै नसकिने वातावरण हुन्छ, यस्तो व्यवहार गरिन्छ । त्यहाँ कल्पनाभन्दा बाहिरको वातावरण हुन्छ, त्यस्तोमा महिलाहरू कसरी बस्ने ?"

छलफलका बेला सञ्चार क्षेत्रमा भर्खर-भर्खर प्रवेश गरेका महिलाहरूले भने आफूहरू अहिलेसम्म यौनदुर्व्यवहारको सवालमा त्यति धेरै सचेत नभएको कुरा बताएका थिए । मोफसलमा बसेर पत्रकारिता गरिरहेकी एउटी नवागन्तुक सञ्चारकर्मी महिलाको अभिव्यक्ति थियो, "के धाप मार्नु पनि यौनदुर्व्यवहार हो र ? यदि त्यसो हो भने हाम्रो बोसले त महिला स्टाफहरूलाई बात्तैपिच्छे धाप मारेर काम अह्राउँछ । काम राम्रो भए पनि धापै मार्न अघि सर्छ, काम गरेको मिलेन भने पनि धाप मार्दै सिकाउन अघि सर्छ ।" ती सहभागीको उक्त भनाइ सुनेपछि तत्काल अर्की एक अलि पाकी-पाकी सञ्चारकर्मी महिलाले ती नवागन्तुक सञ्चारकर्मी महिलालाई सम्झाएको पाराले भनेकी थिइन्, "हो, यही अवस्थामा धेरैजसो महिलाहरू कार्यालयभित्र र बाहिर सहकर्मी पुरुष तथा हाकिमहरूको यौनदुर्व्यवहारको शिकार हुन सक्ने सम्भावना रहन्छ, तपाईंहरूको अबोधपना नै ती यौन पीडकहरूका लागि सहज वातावरण भैदिन्छ ।"

सहभागीहरूले उठाएका यौन तथा अन्य प्रकारको दुर्व्यवहारको सवाललाई लिएर विभिन्न सञ्चारमाध्यमका निर्णायक पदमा आसिन व्यक्तिहरूको धारणा बुझ्न खोज्दा थरीथरीको प्रतिक्रिया आएको पाइयो । एकथरीको भनाइ थियो– सबै पुरुषहरू त्यस्ता छैनन् । अर्कोथरीको भनाइ थियो– विपरीत लिङ्गप्रतिको आकर्षण प्राकृतिक सत्य भएको हुनाले पुरुषले महिलालाई हेर्‍यो, जिस्क्यायो वा ठट्टा गर्‍यो भनेर त्यसलाई अन्यथा अर्थ लगाउनु बेकारको कुरा हो । अर्का थरिको भनाइ यस्तो पनि थियो– महिलाहरू सुरुमा आफैँ नै पुरुषलाई उत्तेजित पार्ने काम गर्छन् अनि पछि फेरि पुरुषले यसो गर्‍यो उसो गर्‍यो भनेर दोष लगाउन अघि सर्छन् । यी भनाइहरूमा महिलाको पीडाप्रतिको संवेदनशीलताभन्दा पनि पुरुषहरूको प्रवृत्तिलाई बचाउ गर्ने आशय बढी झल्किएको पाइन्छ ।

जे होस् अनुसन्धानका क्रममा सबैतिरका सबै सहभागीहरूको कुरा सुन्दा र तिनले प्रस्तुत गरेका घटनाहरू केलाउँदा निचोडमा के बुझिन आयो भने

आमसमाजमा जस्तै सञ्चार जगत्मा पनि महिलाहरूमाथि प्रत्यक्ष-परोक्ष रूपमा यौन तथा अन्य किसिमको दुर्व्यवहारहरू हुने गरेको छ। त्यसले पनि महिला सञ्चारकर्मीहरूको उत्साहमा व्यवधान पुऱ्याउने काम गरेको छ।

## *कामको बाँडफाँटमा भेदभाव*

पत्रकारिता क्षेत्रमा कामको बाँडफाँट गर्दा तथा बिट जिम्मा दिँदा पनि पुरुष सञ्चारकर्मी र महिला सञ्चारकर्मीलाई भेदभाव गर्ने गरिन्छ भन्ने कुरा बुझियो। प्रश्नावली भर्दा महिला सञ्चारकर्मीहरूले यस विषयमा स्पष्टसित धारणा व्यक्त गर्न नखोजेका देखिए पनि समूह छलफलका बेलामा उनीहरूले खुलेरै यो कुरा बताएका थिए। महिला सञ्चारकर्मीलाई काम जिम्मा दिँदा ऊ कुन क्षेत्रमा काम गर्न रुचि राख्छे अथवा कुन क्षेत्रमा उसको दक्षता छ भन्ने कुरालाई उति वास्ता गरिन्न, महिलासित सम्बन्धित विषयका कार्यक्रमहरूको रिपोर्टिङ गर्नु महिलाहरूकै मात्र ठेक्का हो जस्तो गरी काम छुट्ट्याउने गरेको कुरा सहभागीहरूले बताएका थिए। यो काम महिलाको मात्र होइन, पुरुषले पनि यस विषयमा जानकारी राख्नु आवश्यक छ भन्ने कुरामा स्वयं हाकिमले नै हेक्का नराख्नाले उसको लैङ्गिक असंवेदनशीलता प्रमाणित भएको सहभागीहरूको तर्क थियो। सञ्चारकर्मी महिलाहरूलाई शृङ्गार, सज्जा, घरपरिवार, महिला, बालबालिका तथा वातावरणजस्ता विषयहरूमा नयाँ ढङ्गले होइन, पराम्परागत रूपमा मात्र रूमल्याएर राख्न खोजिन्छ भनेर अधिकांश सहभागीहरूले गुनासो गरेका थिए।

छलफलका बेला खासगरी उपत्यकाभित्र बसेर पत्रकारिता गरिरहेका महिलाहरूले सञ्चार क्षेत्रमा चल्दै आएको उक्त परम्पराप्रति निकै आक्रोशित भई आफ्ना भनाइ राखेको पाइयो। उनीहरूको प्रश्न थियो– महिलाहरू पनि राजनीति, अर्थ, परराष्ट्रलगायतका गम्भीर भनिएका विषयहरूमा पुरुषसरह रिपोर्टिङ गर्न सक्छन् भन्ने कुरा किन पत्याइन्न ? त्यस प्रकृतिको बिटमा काम गर्ने अवसर नै दिइन्न अनि उल्टो भनिन्छ, महिलाहरू गाह्रो बिटमा काम गर्न सक्दैनन् अथवा काम गर्न खोज्दैनन्। छलफलका बेला च्यानल नेपालमा कार्यरत एक सहभागीले भनेकी थिइन्, "मैले न्यूज बिटमा काम गर्न खोज्दा मेरो हाकिमले मलाई पत्याएन। 'तिमीले मनोरञ्जनको कार्यक्रम नै राम्ररी चलाउन सक्छौ, न्यूज बिट अलि गाह्रो हुन्छ त्यतातिर नलाग' भनेर माया गरेको जस्तो गरी गाह्रो काम गर्ने मेरो रहरलाई हाकिमले त्यत्तिकै पन्छाइदियो।" राजधानीबाट निक्लने एक राष्ट्रिय दैनिकमा कार्यरत अर्की सहभागीको भनाइ थियो, "आफूले चाहेको बिटमा काम गर्ने अवसर नपाउँदा कतिपय सक्षम महिलाहरू यस क्षेत्रबाट

पलायन भएका उदाहरणहरू पनि यहाँ प्रस्तुत गर्न सकिन्छ ।" यद्यपि छलफलकै क्रममा केही सहभागीहरूबाट 'आफूसित क्षमता छ भने महिला सञ्चारकर्मीहरूले पनि गम्भीर बिटमा काम गर्ने अवसर पाउँछन्' भन्ने भावका भनाइहरू पनि नआएको होइन । अधिकांश सहभागीहरूले भने उक्त कुराको खण्डन गरेका थिए र भनेका थिए– त्यो त अपवाद हो, सामान्यतया सञ्चारमाध्यमहरूमा महिला भन्नेबित्तिकै उसलाई हल्काफुल्का काममै अलमल्याएर राख्ने चलन व्याप्त छ ।

अधिकांश सहभागीहरूका भनाइअनुसार सञ्चारमाध्यमहरूमा समय तालिका निर्धारण गर्दा पनि महिलालाई अन्याय गर्ने गरिएको छ । महिला आफू कुन समयमा काम गर्न चाहन्छे त्यो कुरा बुझ्नु आवश्यक सोचिन्न । आफ्नै मनगढन्ते चिन्तनबाट हाकिमहरू महिलालाई कुन समय सजिलो हुन्छ र कुन समय हुन्न भनेर अनुमान लगाउँछन् अनि त्यही अनुमानको भरमा समय निर्धारण गरिदिन्छन् । काठमाडौँकी एक सञ्चारकर्मी महिलाले छलफलको बेला भनेकी थिइन्, "आफ्नो जिम्मेवारी निर्वाह गर्ने हकमा रातविरात वा अप्ठचारोसप्ठचारो केही नभनी काम गर्ने सञ्चारकर्मी महिलाहरू पनि छन् तर तिनीहरूमाथि हाकिमहरूको आँखै पर्दैन । खालि महिलाहरू कमजोर छन्, तिनीहरू डराउँछन् भन्ने धारणाले मात्र महिलालाई बुझ्न खोज्छन् हाकिम भनाउदाहरू ।" खासगरी राजधानीभित्रका अधिकांश सहभागीहरूले उक्त त्रुटिपूर्ण परिपाटीप्रति तीव्र असन्तुष्टि व्यक्त गरेको देखियो । समय तालिका निर्धारण गर्दा महिलाहरूलाई पनि अनिवार्य रूपमा सरिक गराइनु पर्छ भन्ने उनीहरूको भनाइ थियो ।

अनुसन्धानको क्रममा महिलाले रातिको डचुटी सम्हालेको मात्र होइन, अप्ठेरो परिस्थितिलाई सामान्य बनाउन प्रयास गरेको पनि पाइयो । काठमाडौँमा बम आतङ्क फैलिएको बेला रातिको डचुटीमा खटिएकी एक दैनिक अखबारकी सञ्चारकर्मी भन्छिन्, "सबै कुरा बिर्सिएर काम गऱ्यो गऱ्यो । घर फर्किने बेला ड्राइभर डरले थुरथुर हुने । कतिपटक त तिमी मात्रै होइन, म पनि पर्छु, लौ हिँड भनेर लैजानु परेको छ । स्मरण रहोस्, सञ्चारमाध्यममा ड्राइभरका रूपमा हालसम्म महिलाले काम गर्न थालेका छैनन् ।" छलफलको क्रममा सहभागीहरूले महिलाको क्षमता र रुचिलाई पूरै बेवास्ता गरी व्यवहार गर्ने पत्रकारिता क्षेत्रको परम्पराप्रति असन्तुष्टि व्यक्त गर्नका साथै त्यस परम्परालाई निरन्तरता दिइरहँदा त्यसको दूरगामी असर कति नकारात्मक हुनसक्छ भन्ने पक्षप्रति पनि ध्यानाकर्षण गराउन प्रयास गरेका थिए । उनीहरूको भनाइ के थियो भने समय तालिका निर्धारण गर्दा या कामको बाँडफाँट गर्दा सञ्चारकर्मी महिलाहरूको रुचि-अरुचिबारे तिनलाई केही सोध्दैनसोधी सधैँ उही पुरानै ढाँचाको अड्कलका भरमा

लैङ्गिक असंवेदनशील व्यवहार गरिरहने हो भने त्यसले एकातिर ‘महिलाहरू दुःख गर्न सक्दैनन्’ भन्ने समाजको पुरातन धारणालाई बल पुग्छ भने अर्कोतिर सञ्चारकर्मी महिलाहरूको क्षमता अभिवृद्धिमा पनि त्यसले प्रतिकूल असर पार्छ। त्यसैले गम्भीर र चुनौतीपूर्ण बिटमा काम गर्न उत्सुकता देखाउने सञ्चारकर्मी महिलाहरूलाई त्यस बिटमा काम गर्ने अवसर दिनुपर्छ, अनि जो सञ्चारकर्मी महिलाहरू चुनौतीपूर्ण बिटमा काम गर्नबाट पन्छिन खोज्छन् तिनलाई पनि त्यस प्रकारको बिटमा समेत अभ्यास गर्न उत्प्रेरित गर्नुपर्छ।

यस सवालमा विभिन्न सञ्चारमाध्यमका सम्पादक, उपसम्पादक तथा अन्य निर्णायकहरूको धारणा बुझ्न खोज्दा कतिपयले केही सोच्दै नसोची ठाडै ‘महिलाहरू आफैं नै सजिलो बिट रोज्न उत्सुक हुन्छन्, तिनीहरू रातिको डचुटीमा बस्न चाँहदैनन्’ भनेर टिप्पणी गरेको सुनियो। राजधानीको एक नेपाली साप्ताहिक अखबारका सम्पादकले भनेका थिए, “महिलाहरू सामाजिक विषयमा नै बढी रुचि देखाउँछन्, त्यस्तो विषयमा रुचि राख्नेले पुरुषसँग प्रतिष्पर्धा गर्न सक्दैनन्।” राजधानीमै ‘महिलाले नि मिडिया क्याप्चर गनुपर्छ’ भन्ने एकजना सम्पादक (पुरुष) पनि भेटिए। उनका अनुसार महिला र पुरुषबीचको सहभागिताको असमानता अहिले नै समान हुनसक्दैन, यसका लागि सबैभन्दा पहिला महिलाको सोचाइमा परिवर्तन आउनुपर्छ। महिलाले पनि मुख्य बिटमा हात हाल्ने आँट गर्नुपर्छ। उनको सोचाइमा मुख्य बिट भनेको राजनीति हो र अहिले सुरक्षा पनि हो। राजनीति र सुरक्षाका सामाजिक पक्षसम्म उनको ध्यान पुग्न सकेको छैन। सामाजिक विषय भन्नासाथ उनी पनि हल्काफुल्का र महत्त्वहीन विषय भन्ठान्छन्। त्यस्तो विषयमा लेखेर मुख्य धारमा पत्रकारिता गर्न सकिँदैन भन्ने उनको ठम्याइ थियो। तर सबैको भनाइ त्यस्तो थिएन। तुलनात्मक रूपका अङ्ग्रेजी भाषाका अखबारहरूसँग सम्बन्धित व्यक्तिहरूको विचार निकै फराकिलो भएको पाइयो। एक अङ्ग्रेजी राष्ट्रिय दैनिकका प्रधान सम्पादकको भनाइ थियो, “राजनीति, परराष्ट्र तथा सुरक्षाभन्दा सामाजिक विषय कम जटिल हुँदैन। कुनै पनि विषयलाई सक्षम सञ्चारकर्मीले महत्त्वपूर्ण सावित गरिदिन सक्छ।” अर्को एक अङ्ग्रेजी अखबारका सम्पादकले भनेका थिए, “मेरो पत्रिकामा काम जिम्मा लिने सवालमा सञ्चारकर्मीहरू आफ्नो रुचि अनुसार गर्न पाउँछन्। पुरुषहरूले मात्र होइन, महिलाहरू पनि जुन बिटमा काम गर्न खोज्छन्, त्यसैमा काम गर्न पाउँछन्। अझ, म त महिलाहरूलाई पत्रकारिता क्षेत्रमा नाम चम्काउनु छ भने चुनौतीपूर्ण बिटमा काम गर भनेर उक्साउँछु पनि।” स्मरणीय छ, समूह छलफलको क्रममा

पनि अङ्ग्रेजी भाषाका सञ्चारमाध्यमहरूमा संलग्न सञ्चारकर्मी महिलाहरू तुलनात्मक रूपमा कम समस्या भोग्नेमा परेका बुझिएको थियो ।

समग्रमा भन्नुपर्दा सञ्चारक्षेत्रमा सञ्चारकर्मीहरूलाई बिट जिम्मा लगाउँदा र समय तालिका निर्धारण गर्दा लैङ्गिक विभेदको मान्यतालाई शिरोपर गर्ने चलन भएको बुझियो । सञ्चारकर्मी महिलाहरूको रुचिलाई भन्दा पनि महिलाहरूबारेको पुरानो सोचाइलाई महत्त्व दिएर महिलाहरूका लागि काम र समय निर्धारण गरिनुलाई सञ्चार क्षेत्रको त्रुटि मान्नुपर्ने हुन्छ । यो परिपाटी सञ्चारकर्मी महिलाहरूका लागि सजिलोभन्दा पनि बढी समस्या बनिरहेको छ । 'सञ्चारकर्मी महिलाहरू रातबिरातमा डचुटीमा खटिन सक्दैनन्, महिलाहरू चुनौतीपूर्ण बिटमा काम गर्न सक्दैनन्' भन्ने पुरानो धारणालाई मलजल गर्ने काममा यो परिपाटीले बल पुऱ्याएको छ ।

## *तलब, तालिम तथा अन्य सुविधामा भेदभाव*

अनुसन्धानको क्रममा सञ्चारमाध्यमहरूमा तलब दिँदा, तालिममा पठाउने बेलामा, कार्यालयभित्रका भौतिक सुविधाहरूमा पहुँचको सवालमा महिलाहरू अन्यायमा परेका छन् भन्ने बुझियो । यस सवालमा मोफसलका सञ्चारकर्मी महिलाको अवस्था अति नै दयनीय भएको पाइयो । त्यहाँ अधिकांश सञ्चारकर्मी महिलाहरू विना तलबमा नै काम गरिरहेका छन् । जुन सञ्चारमाध्यमका लागि उनीहरू रिपोर्टिङ गर्छन्, समाचार, लेख तथा फिचरहरू तयार पार्छन् त्यो सञ्चारमाध्यमले उनीहरूको सामग्रीहरू छापिदिनु वा प्रसारण गरिदिनुलाई नै उनीहरूले धन्य सम्झनु पर्ने अवस्था छ भन्ने सहभागीहरूको भनाइ थियो । पोखराकी एक सहभागीले भनेकी थिइन्, "हाम्रो लागि आफूले तयार पारेर दिएको सामग्री छापिदिनु नै ठूलो कुराजस्तो हुन्छ, तलबको त कहाँ आश गर्नु ?" छलफलको क्रममा कतिपय सहभागीहरूले रिपोर्टिङ गर्न जाँदा उल्टो आफ्नै खल्तीको पैसा खर्च गर्नुपर्ने कुरा पनि बताएका थिए ।

मोफसलमा तलब पाउने हैसियतमा पत्रकारिता गरिरहेका महिलाहरूको अवस्था पनि उस्तै दयनीय भएको पाइयो । छलफलको क्रममा सहभागीहरूले बताएअनुसार मोफसलमा पहिलो कुरा त त्यसरी तलब पाउने गरी पत्रकारिता गर्ने महिलाहरूको सङ्ख्या यति कम छ, त्यो औंलामा गन्दै सकिन्छ । अर्को कुरा, तिनले पनि समयमा तलब पाउनु भनेको ठूलो कुराजस्तो हुन्छ । तलब दिँदा पनि पुरुष र महिलामा असमान व्यवहार गरिन्छ । चितवनकी एक सहभागीको भनाइ थियो, "काम अह्राउँदा चाहिँ महिला र पुरुष भनेर छुट्ट्याउँदैनन् तर दाम दिने

बेलामा चाहिँ महिला भनेपछि पुरुषलाई भन्दा अलि कम नै दिनुपर्छ भनेझैं गरी छुट्ट्याउने चलन छ। तालिम तथा अन्य विशेष कार्यक्रमहरूमा भाग लिन पठाउँदा पनि सञ्चारकर्मी महिलाहरूलाई प्राथमिकता दिने चलन छैन।" मोफसलमा स्वतन्त्र सञ्चारकर्मीका रूपमा काम गरिरहेका महिलाहरूले पनि विना पारिश्रमिक नै काम गरिरहेका बुझियो। पारिश्रमिकको कुरा उठाउने हो भने आफ्नो लेख रचना प्रकाशित तथा प्रसारित गर्नै पो बन्द गरिदिने हो कि भन्ने डरले गर्दा उनीहरूले पारिश्रमिकको कुरा नउठाउने गरेको कुरा छलफलको बेला खुलस्त पारेका थिए।

छलफलका क्रममा उपत्यकाभित्र बसेर पत्रकारिता गरिरहेका महिलाहरूले पनि तलब तथा अन्य सुविधाको सवालमा आफूहरू शोषणमा परेको कुरा बताएका थिए। समूह छलफलको बेला काठमाडौँको एक निजी छापा सञ्चारमाध्यममा कार्यरत सञ्चारकर्मी महिलाले भनेकी थिइन्, "उस्तै र उत्तिकै मिहिनेत गरेर काम गरे पनि महिलाको मिहिनेतलाई तुलनात्मक रूपमा कम आँक्नु, तलब दिँदा पनि असमान व्यवहार गर्नु, समयमा तलब नपाउनु यो त नेपालका सञ्चारकर्मी महिलाहरूको नियति नै जस्तो भैसकेको छ। त्यसैले गर्दा त महिलाहरू यस क्षेत्रमा लामो समयसम्म टिक्न नसकेका हुन् नि !" नेपाल टेलिभिजनमा कार्यरत अर्की एक सहभागीको भनाइ थियो, "हाम्रो अफिसमा कराउन नसक्ने वा कराउन नखोज्ने महिलाहरू कतिपय सुविधा पाउनबाट त्यत्तिकै वञ्चित भइरहेका छन्।" सोही बेला उनको कुरामा सही थाप्दै निजी टेलिभिजन च्यानलमा कार्यरत अर्की सहभागीले पनि भनेकी थिइन्, "सुविधा भोग गर्ने मामलामा सरकारी टिभी च्यानलमा भन्दा पनि हाम्रो अवस्था झन् खत्तम छ, बोल्नेको पिठो बिक्छ नबोल्नको चामल पनि बिक्दैन भनेझैं अवस्था छ हाम्रोमा।" सरकारी छापा सञ्चारमाध्यममा कार्यरत एकजना सञ्चारकर्मी महिलाले आफ्नै उदाहरण दिँदै भनेकी थिइन्, "समान तहका पुरुष सञ्चारकर्मीको तलबभन्दा मासिक कम्तिमा हजार रुपियाँ कम छ मेरो।" त्यति मात्र होइन, बुझ्दै जाँदा ती सञ्चारकर्मी महिलाभन्दा एक तहमुनिका सबैजसो सञ्चारकर्मी पुरुषको तलब पनि उनको तलबभन्दा बढी रहेको पाइयो। यति धेरै अन्तरको असमान तलबमा काम गर्ने सञ्चारकर्मी सरकारी छापा सञ्चारमाध्यममा उनी एकजना मात्र देखिएकी छिन्। यस्तो कसरी भयो ? उनको भनाइ थियो, "गत वर्षको अन्त्यतिर व्यवस्थापन प्रमुखलाई तलबको लिस्ट देखाउँदै मैले सोधेको थिएँ, त्यो बेला उताबाट यस्तो जवाफ आएको थियो- 'यस्तो त हुन नपर्ने, गल्ती भयो होला।'" स्मरणीय छ, सच्याइनसक्ने गरी भएको उक्त गल्ती अझै पनि

कायम नै छ । सरकारी सञ्चारसंस्थाभित्र असमान तलबमा काम गरिरहेकी ती सञ्चारकर्मी महिलाले छलफलको बेला भनेकी थिइन्, “केही वर्षदेखि काम गर्ने स्वाभिमानीहरूलाई पाखा लगाएर माग्ने र थाङ्नेलाई मात्र क्राइटेरिया नै नहेरी ग्रेड दिन थालियो । त्यसैको असर हो यो ।”

सुरक्षित मातृत्वलगायतका सुविधाहरूको सवालमा अन्नपूर्ण एफएमको कुरालाई अपवाद ठान्ने हो भने सञ्चारकर्मी महिलाहरूको अवस्था दयनीय पाइयो । सरकारीभन्दा निजी माध्यममा काम गर्ने र राजधानीभन्दा मोफसलमा बसेर काम गर्नेहरू सुत्केरीलगायतका लैङ्गिक बिदा सुविधाबाट वञ्चित पाइयो । सञ्चारकर्मी पुरुषको अगाडि महिलाहरू तलबदेखि तालिमलगायतका अन्य सुविधामा समेत ठगिएकै छन् भन्ने पनि बुझियो । विशेष कार्यक्रमहरूमा रिपोर्टिङ गर्न पठाउँदा पुरुषहरूलाई नै प्राथमिकता दिइन्छ, राम्रा राम्रा तालिमहरूको अवसर आउँदा पनि पुरुष सञ्चारकर्मीहरूले नै प्राथमिकता पाउने गरेका छन्, महिलाहरूले अवसर पाउने भनेको महिला कोटामा मात्र हो भन्ने सहभागीहरूको भनाइ थियो । स्वतन्त्र पत्रकारहरूको हकमा भने राजधानीमा बसेर स्वतन्त्र पत्रकारिता गरिरहेका महिलाहरूको अवस्था मोफसलका महिलाहरूको भन्दा तुलनात्मक रूपमा केही गतिलो भएको बुझियो । तर आफ्नो पारिश्रमिकमा हक दाबी गर्ने आँट भने उनीहरूमा पनि नभएको बुझियो । प्रश्न गर्दा जताका सञ्चारकर्मी महिलाहरूको पनि समस्या उही नै देखियो । पैसा माग्दा आफ्ना लेख रचनाहरूले स्थान नपाउलान् भन्ने डर राजधानीका स्वतन्त्र पत्रकारमा पनि पाइयो ।

## परिवारिक-सामाजिक संरचनाको समस्या

नेपालमा सञ्चार क्षेत्रमा लागेका वा लाग्न चाहने महिलाहरू सञ्चार क्षेत्रभित्र व्याप्त समस्याबाट त पीडित छन् नै । त्यति मात्र होइन, आफ्नै घर-परिवार तथा सिङ्गो समाजबाट पनि उनीहरू सताइने गरेका छन् । लैङ्गिक विभेदकारी सामाजिक संरचना नै सञ्चारकर्मी महिलाहरूको उत्साहको मूल बाधक हो । यस उपशीर्षकअन्तर्गत पारिवारिक-सामाजिक संरचनाको समस्याले कसरी सञ्चारकर्मी महिलाको उत्साहमा व्यवधान पुऱ्याइरहेको छ भन्ने पक्ष हेरिएको छ ।

### *भनेको समयमा घरबाट निस्कन नपाउनु*

अनुसन्धानको क्रममा पितृसत्तात्मक सामाजिक संरचना नै सञ्चारकर्मी महिलाहरूको समस्याको मूल जड हो भन्ने बुझियो । समूह छलफलका बेला

सबै क्षेत्रका सञ्चारकर्मी महिलाहरूले यो सवालमा विशेष जोड दिएर बोलेका पाइयो। पत्रकारिता क्षेत्रमा काम गर्दा समयको कुनै ठेगान हुँदैन, कामको सिलसिलामा साँझ विहान केही पनि भन्न पाइँदैन, कुन बेला कहाँ पुग्नु पर्छ, को-कोसँग भेट्नु पर्छ त्यसको कुनै ठेगान हुँदैन। कतिपय बेला पुरुष सहकर्मीहरूसित सँगसँगै हिँड्नु पर्ने पनि हुन्छ। एकातिर पत्रकारिताको विशेषता यस्तो छ भने अर्कोतिर महिला र उसको क्रियाकलापलाई हेर्ने-बुझ्ने सामाजिक दृष्टिकोण अति नै साँगुरो छ, हामीकहाँ महिलाको गतिशीलतालाई लिएर उसको चरित्रमाथि औँला उठाइहाल्न पटक्कै बेर लगाइन्न। यस किसिमको सामाजिक परिप्रेक्षमा काम गर्नुपर्ने भएको हुनाले पुरुष सञ्चारकर्मीहरूलाई जस्तो महिला सञ्चारकर्मीहरूलाई सजिलो छैन। पुरुष सञ्चारकर्मीहरू काम पर्दा जतिबेला पनि सजिलै घरबाट निस्कन पाउँछन् तर महिलाहरूलाई त्यसरी निस्कन सजिलो छैन भन्ने सहभागीहरूको भनाइ थियो।

महिलाले घरबाहिर निस्कन खुट्टा उचाल्नासाथ परिवारका सदस्यहरू प्रश्न गर्न थाल्छन्– कहाँ जान लागेको ? किन जान लागेको ? कोसित जाने ? कतिबेला फर्कने ? आदि आदि। त्यतिले नपुगेर छरछिमेकीहरूले पनि प्रश्न गर्न सक्छन्– कता ? टाढै ? के काम ? हिजो त निकै ढिलो फर्कनु भयो नि ? आदि आदि। महिलाको गतिविधिमाथि त्यसरी परिवारदेखि टोलछिमेकीसम्मले आवश्यकताभन्दा बढी नै चासो राख्ने परिपाटी भएकाले नेपाली समाजमा सञ्चारकर्मी महिलाले सञ्चारकर्मी पुरुषले जसरी स्वतन्त्र ढङ्गले काम गर्न पाउँदैनन् भन्ने सहभागीहरूको तर्क थियो।

### *महिलालाई कमजोर जाति ठान्नु*

महिलालाई ऊ कमजोर जाति हो, उसलाई जे गरे पनि हुन्छ, जे भने पनि हुन्छ भन्ने सोच समाजमा व्याप्त छ। त्यसले गर्दा पत्रकारिता गर्ने महिलाहरूले विनासित्तिमा सताइनु परिरहेको छ भन्ने कुरा छलफलको बेला सहभागीहरू धेरैले दोहोऱ्याइ-तेहऱ्याइ भनेका सुनियो। सहभागीहरूको भनाइअनुसार कार्यालयभित्रै पनि महिलामाथि पुरुष सहकर्मीहरूबाट बेलाबखत त्यस्तो व्यवहार गर्ने गरिन्छ भने कार्यालयबाहिर पनि सञ्चारकर्मी महिलालाई महिला भएको कारणले कमजोर ठानी धम्काउने तर्साउने काम गर्न बाँकी राखिन्न। नेपालगञ्जमा भएको समूह छलफलमा एउटी सहभागीले सुनाएकी थिइन्, "एकचोटि मैले टोलका बदमास गुण्डाहरूको क्रियाकलापका बारेमा समाचार बनाउँदा अनौठो किसिमको धम्की सुन्नु परेको छ। त्यो बेला एउटा गुण्डा आएर मलाई भनेको

थियो 'नाम सहित मेरो बारेमा केही लेखिस् भने तँलाई चोकबजारमा सबैका अगाडि सिन्दुर हालिदिन्छु' ।" यस कथनमा हाम्रो समाजको यथार्थ प्रस्टसित प्रतिबिम्बित भएको छ । यसमा त्यो पुरुषको दोष देख्नुभन्दा पनि पितृसत्तात्मक सामाजिक संरचनाको त्रुटि पहिल्याउनु बढी आवश्यक हुनआउँछ । महिलालाई कमजोर जाति मान्ने हाम्रो सामाजिक दृष्टिकोणमा सुधार नभइञ्जेल पुरुष ज्यादतीका त्यस्ता घटनासित महिलाले जीवनका पाइला-पाइलामा ठोक्किनु पर्ने सम्भावना भई नै रहन्छ भन्ने बुझ्नु जरुरी छ ।

## *आफ्नै परिवारबाट पनि सहयोग नपाइनु*

हाम्रो समाज पुरुषप्रधान समाज भएको हुनाले परिवारभित्र पुरुष सदस्यलाई आफ्नो काम आफैं रोज्न पाउने पूर्ण स्वतन्त्रता छ । पुरुषले जे काम गर्न खोजे पनि परिवारबाट उसलाई सामान्यतया पूर्ण सहयोग मिल्छ तर महिलाले परिवारको इच्छाभन्दा अलि बेग्लै क्षेत्रमा काम गर्न खोजी भने आफ्नै परिवारका सदस्यहरूबाट पाइला-पाइलामा असहयोग मात्र होइन अनेकौं व्यवधानहरू तेर्साएर उसलाई हतोत्साहित पारिन्छ । अनुसन्धानको क्रममा आफ्नै परिवारका सदस्यहरूले समेत कुरा नबुझिदिँदा पत्रकारिता गर्न खोज्ने महिलाहरूले बेलाबेलामा मानसिक सकसको शिकार हुनुपरेको दृष्टान्तहरू धेरै भेटिए । प्रश्नावली भर्दा अधिकाशः महिला सञ्चारकर्मीले यो कुरा प्रस्ट उल्लेख गरेका छैनन् तर समूह छलफलको बेलामा लगभग सबैजसो सहभागीहरूले यो कुरा खुलेरै व्यक्त गरेका पाइयो । पोखरामा समूह छलफलका बेला एक सहभागीले भनेकी थिइन्, "पत्रकारिता गर्न खोज्ने धेरैजसो महिलालाई तिनको आफ्नै परिवारबाट पनि सहयोग मिल्दैन । म आफैं यो कुराको उदाहरण हुँ ।" पूर्वाञ्चलको अर्की एक सञ्चारकर्मी महिलाको भनाइ थियो, "रिपोर्टिङ गर्न जाँदा म पुरुष सहकर्मीसित सँगसँगै हिडें रे भनेर मेरा श्रीमान्ले मलाई शङ्का गरे । मलाई पत्रकारिता पेसा नै छोड्न सधैं दबाब दिन थाले । अति नै गर्न थालेपछि मैले कि उनलाई त्याग्नु पर्‍यो कि यो पेसालाई नै । पत्रकारिता क्षेत्र मेरो आफ्नो रोजाइ थियो, मैले यस क्षेत्रलाई त्याग्न मानिनँ । त्यसैको परिणामस्वरूप म अहिले सानी छोरीका साथ एक्लै डेरामा बस्न बाध्य भएको छु ।" पत्रकारिता गर्न खोज्दा परिवारले सहयोग नगरेपछि घरै छोडेर हिँड्ने सञ्चारकर्मी महिला प्यूठानमा पनि भेटिइन् । प्यूठानकी ती सञ्चारकर्मी महिलाले भोग्नु परेको मानसिक सकस यस्तो थियो, "पत्रकारिता महिलाले गर्ने कामै होइन भन्छन् यहाँका मानिसहरू । मैले पत्रकारिता गरेकोमा मेरो परिवारमा कोही पनि खुशी छैनन् । दाइले मलाई 'पत्रकारिता गर्न छोडेर थपक्क घरै बस्'

भनेर एकनाससित सधैँ दबाब दिइरहेपछि केही नलागेर आखिर मैले घरै छोडेर हिँड्नु पऱ्यो ।" विराटनगरकी अर्की एक सहभागीले पनि आफ्नो दुखेसो पोख्दै भनेकी थिइन्, "म पत्रकारितामा मात्र व्यस्त भएँ रे भनेर घरकाहरूले मलाई बेला बेलामा घोच्ने गर्छन्– 'तिमीलाई घरको वास्तै छैन हई ?' यस्तो भनेको सुन्न पर्दा मलाई मनमा असाध्यै खिन्न लाग्छ । कहिलेकाहीँ त पत्रकारिता गर्न नै छाडिदिउँ कि जस्तो झोक पनि चल्छ ।"

समूह छलफलका बेला राजधानीका सहभागीहरूले पनि पारिवारिक-सामाजिक कारणले सञ्चारकर्मी महिलाहरूले अनावश्यक किसिमले दुःख पाउन परिरहेको छ भन्ने कुराको थुप्रै दृष्टान्तहरू अगाडि सारेका थिए । एकजना सहभागीले महिलाको गतिशीलतामा नियन्त्रणको नियत राख्ने पारिवारिक-सामाजिक परिपाटीका कारण सञ्चारकर्मी महिलाले भोग्नु परेको पीडाको सारलाई यसरी अभिव्यक्ति दिएकी थिइन्, "बाहिर काममा निस्कन खोज्दा परिवारका सदस्यहरू प्रायः अनेक प्रश्न गर्छन् हामीलाई । बित्थामा स्पष्टीकरण दिइरहनु पर्छ हामीले । उनीहरूलाई चित्त बुझाएर मात्र बाहिर काममा निस्कन पाउछौँ हामीहरू । नत्र हामी घर नफर्किउञ्जेल परिवारका सदस्यहरूको मन पाकिरहन्छ । माया गरेरै त्यतिविधिसित चासो राखेका होलान् रे लौ उनीहरूले हाम्रो । तर के त्यस्तो मायाले हाम्रो गतिशीलताको हकलाई हरण गरेन र ? हामी सञ्चारकर्मी महिलाहरूले भोग्नु परिरहेका यी अदृश्य पीडाका सूलहरू के कुनै एउटा सञ्चारकर्मी पुरुषले कहिल्यै अनुमान गर्न सक्छ होला ?"

## ***परम्परागत लैङ्गिक भूमिकामा परिवर्तन नआउनु***

अनुसन्धानको क्रममा सञ्चारकर्मी महिलाका मुख्य समस्याहरूमध्ये परम्परागत लैङ्गिक भूमिका यथावत रहिरहनु पनि एक हो भन्ने बुझियो । छलफलको क्रममा सहभागीहरूले यो समस्यालाई निकै जोड दिएर उठाएका थिए । समय फेरिए पनि हाम्रो समाज फेरिएको छैन । महिला भनेका घरभित्रै बसेर निःशुल्क सेवा गर्ने जाति हो र पुरुष भनेको घरबाहिर निक्लेर कमाइ ल्याउने जाति हो भन्ने सोच समाजको जरामा गडेर बसेको छ । घरभित्रको भान्छाचुल्होलगायत सरसफाइ, किनमेल, बालबच्चाको स्याहारसुसार, चाडबाड पाहुनापाछा सबैतिर महिलाले नै ध्यान पुऱ्याउनु पर्ने सामाजिक परिपाटी यथावत नै छ । यी यावत परम्परागत भूमिका निर्वाह गर्नुपर्ने बाध्यताले गर्दा सञ्चारकर्मी महिलाले कतिपय बेला पत्रकारिताका लागि यथेष्ट समय दिन नभ्याएका पनि हुनसक्छन् । तर त्यसरी समय दिन नभ्याउनु सञ्चारकर्मी महिलाहरूको दोष होइन, परम्परागत लैङ्गिक

भूमिकामा परिवर्तन नभएको कारणले गर्दा त्यस्तो भएको हो भनेर बुझ्नु आवश्यक छ । यो अवस्थामा परिवर्तन ल्याउन प्रेरणादायी भूमिका निर्वाह गर्नु सञ्चार जगत्को सामाजिक दायित्व हो भन्ने कुरा यस क्षेत्रको निणार्यक तहमा बसेकाहरूले बुझ्नु जरुरी छ भन्ने सहभागीहरूको भनाइ थियो । समूह छलफलका बेला बर्दियाकी एक सञ्चारकर्मी महिलाले भनेकी थिइन्, "पुरुष सहकर्मीहरू तथा हाकिमहरूले 'महिलाहरू जतिखेर पनि घरै जान हतारिन्छन्' भनेर कुरा काट्नुभन्दा किन महिलाहरू सधैँ घर जान हतारिन्छन् ? भन्ने कुरा बुझ्न चासो देखाए कति जाति हुन्थ्यो ।"

सञ्चारकर्मी महिलाहरूले पारिवारिक सामाजिक संरचनाका समस्याहरूको बारेमा उठाएका पक्षहरूलाई लिएर अनुसन्धान टोलीद्वारा विभिन्न सञ्चारमाध्यममा निर्णायक तहमा रहेका व्यक्तिहरू तथा अन्य सञ्चारविज्ञहरूका साथसाथै समाजका अन्य क्षेत्रका व्यक्तित्वहरूको धारणा बुझ्न प्रयास गरिएको थियो । सो अवसरमा थरिथरिको प्रतिक्रिया आएको पाइयो । विभिन्न सञ्चारमाध्यमका सम्पादक, प्रकाशक तथा प्रमुखहरूमध्ये लगभग सबैले नै सामाजिक संरचनाका कारण महिलाहरू पत्रकारितामा अगाडि आउन नसकिरहेका हुन् भन्ने कुरा राख्न छुटाएनन् तर कसरी यो समस्याको समाधान गर्न सकिन्छ त ? भनी जिज्ञासा राख्दा महिलाहरू आफैँले सङ्घर्ष गरेर अगाडि आउन प्रयास गर्नुपर्छ भन्नेहरू धेरै देखिए । मानौँ यो समस्या समाजको नभएर महिलाहरूको मात्र हो । धेरैले त्यस आशयको भाव व्यक्त गरेको देख्दा सञ्चार क्षेत्रको निर्णायक तहमा रहेका व्यक्तिहरूमा लैङ्गिक संवेदनशीलताको अभाव छ भन्ने कुरा बुझियो ।

बुटवलको एक एफएम स्टेसनका सञ्चालकको भनाइ थियो, "महिलाहरू प्रकृतिबाट नै ठगिएका छन्, बच्चा जन्माउनु, बच्चालाई स्याहार्नु र घरभित्रको सबै काम गर्नु, परिवारका सबै सदस्यहरूको रेखदेख गर्नु यी सबै जिम्मेवारी प्राकृतिले महिलालाई नै दिएको छ । त्यसैले महिलाहरूले पत्रकारितामा आउन रहर गरिनै हाले पनि यो क्षेत्रमा उनीहरू लामो समयसम्म टिकेर बस्न चाहिँ सक्दैनन् ।" राजधानीको एक दैनिक अखबारका सम्पादकसित कुरा गर्दा उनमा पनि लैङ्गिकताको चेत लगभग उही स्तरको भएको बुझियो । सुरुमा कुराकानीका सन्दर्भमा उनी सञ्चारकर्मी महिलाहरूको समस्याप्रति निकै संवेदनशीलजस्तो देखिएका थिए । समय तालिका निर्धारण गर्दा आफूले सञ्चारकर्मी महिलालाई सकेसम्म रातिको काम जिम्मा नलगाउने गरेको उनले बताएका थिए । तर महिलाले आफैं नै रातिको डच्यूटीमा बस्न रोजिन् भने तपाईं के गर्नु हुन्छ नि ? भनेर जिज्ञासा राख्दा भने उनले जवाफ दिए, "उसले बस्न चाहे पनि उसको

घरबाट फोन आएको आयै हुन्छ, त्यसैले महिलाहरूलाई रातिको कामै नदियो आनन्द ।" राजधानीकै एक अर्को अखबारका सम्पादकले ढुक्कैसित भनेका थिए, "महिलाका लागि पनि हामीले नै काम गर्नुपर्ने भयो भने त फेरि पत्रकारिताको काम चाहिँ कसले गरिदिन्छ नि ।" यसरी मुलुकको एकसेएक पत्रिकाका सम्पादक प्रकाशकहरूमा समेत सञ्चारकर्मी महिलाहरूले भोग्न परिरहेका समस्याको समाधान गर्ने जिम्मेवारी महिलाहरूकै मात्र हो भन्ने धारणा गडेर बसेको छ भने आमसमाजले त्यो कुरा बुझ्नेनन् भनेर के आश्चर्य मान्नु ? तर मुलुकका कतिपय सञ्चारविज्ञहरू तथा समाजका अन्य व्यक्तिहरूले भने समस्या समाधानको लागि महिला आफैँले प्रयास गर्नु आवश्यक त छँदैछ, सञ्चारमाध्यमका नीति निर्णायकहरू तथा राज्यस्तरबाट पनि यसका लागि पहल गरिनु जरुरी भएको बताएका थिए ।

यसरी अनुसन्धानको क्रममा विभिन्न तहबाट सञ्चारकर्मी महिलाहरूको अवस्था नियाल्दा नेपालमा सञ्चारकर्मी महिलाहरूले विभिन्न ढङ्गले विभिन्न किसिमका समस्याहरूसित जुधिरहनु परेको छ भन्ने तथ्य स्पष्ट हुन आयो । पितृसत्तात्मक सामाजिक संरचनाको प्रभुत्वबाट मुलुकको सञ्चार क्षेत्र पनि अछूत नरहेको र त्यसका कारण यस क्षेत्रमा महिलाले प्रवेश बिन्दुदेखि नै असमान व्यवहार भोग्न परिरहको छ भन्ने बुझियो । यस क्षेत्रमा महिलाले प्रवेश गरिसकेपछि पनि उसलाई काम जिम्मा दिनेदेखि उसको कामको मूल्याङ्कन गर्ने सवालसम्म पनि असमान व्यवहार गरिने गरेको छ भन्ने बुझियो । महिलालाई हेर्ने आमसमाजको दृष्टि र सञ्चारजगत्‌को दृष्टिमा खासै अन्तर नभएको बुझियो । सञ्चार क्षेत्रमा महिला सहभागिता कम भएको विषयप्रति सञ्चारजगत्‌को निर्णायक तहमा बसेर काम गरिहेका व्यक्तिहरू कोही पनि अनभिज्ञ नभएको तर के गरी यस क्षेत्रमा महिला सहभागिता अभिवृद्धि गर्न सकिन्छ भन्ने विषयमा भने धेरैले उतिविधि चासो राख्न आवश्यक नठानेको जस्तो देखियो । सञ्चारकर्मी महिला थुप्रै समस्या हुँदाहुँदै पनि अहिले जसरी यस क्षेत्रमा लागिरहेका छन्, यो सङ्ख्या नघटोस् र यस क्षेत्रमा महिला सहभागिता अझै अभिवृद्धि होस् भन्नका लागि सरकारी तथा निजीस्तरबाट विशेष ढङ्गले पहल गरिनु आवश्यक देखिएको छ ।

## सन्दर्भ सामग्री

राणा, वन्दना, ज्ञानु पाण्डे, हरिकला अधिकारी, दीपा गौतम र कृष्ण भट्टचन । २०६२ । सञ्चारकर्मी महिलाका समस्याहरू । *सञ्चारकर्मी महिलाको अवस्था*, पृ. ५१-८४ । काठमाडौँ: सञ्चारिका समूह नेपाल ।